# नेपाल समाचारपत्र

नेपाली मनको नेपाली पत्रिका

NEPAL SAMACHARPATRA

मंगलबार, असोज ९, २०७५ | Tuesday, September 25, 2018 | www.newsofnepal.com | नेसं ११३८ ञलाथ्व १५ | वर्ष २४, अंक २५८ | पृष्ठ १२ | मूल्य रू १०/–



२ { केयूका रजिस्ट्रारसँगको अन्तर्वार्ता

५ { सीटीईभीटीको रणनीतिको समीक्षा

७ { बन्दुक प्रहार गरी आत्महत्या

९ { निर्मला हत्याकाण्ड दुई महिने 'घटनाक्रम'




**जात्रा :** उपत्यकामा आज वर्षा र सहकालका देवता देवराज इन्द्रको पूजा गरी सोमबार परम्परागतरूपमा इन्द्रजात्रा मनाइएको छ। प्रत्येक वर्ष भाद्र शुक्ल चतुर्दशीका दिन पर्ने यो पर्व काठमाडौं, ललितपुर, भक्तपुर, धुलिखेल, दोलखालगायतका स्थानमा मनाइन्छ। (इन्सेटमा कुमारी) तस्वीर : अनिल आङदेम्बे/काठमाडौं

# नयाँ पाठ्यक्रम : हात्ती आयो हात्ती आयो फुस्सा !

**ईश्वरराज ढकाल, काठमाडौं**

आगामी शैक्षिक सत्रदेखि नयाँ पाठ्यक्रम लागू गराउने सरकारी योजना हात्ती आयो हात्ती आयो फुस्सा ! हुने भएको छ। पाठ्यक्रम विकास तथा मूल्यांकन परिषद्ले विद्यालय शिक्षाको पाठ्यक्रम संरचना-२०७५ स्वीकृत गरेको अढाइ महिना बितिसकेको छ। तर, पाठ्यक्रमको खाका अहिलेसम्म सार्वजनिक हुन सकेको छैन।

जबकि शिक्षा विज्ञान तथा प्रविधिमन्त्री गिरिराजमणि पोखरेल आफैं उक्त परिषद्को अध्यक्ष रहनुभएको छ। मन्त्री पोखरेलले गत साउन महिनादेखि नै केही जिल्लामा पाइलोटिङ गरी आगामी शैक्षिक सत्रबाट नयाँ पाठ्क्रम लागू गर्ने दाबी गर्नुभएको थियो।

मन्त्रीले यो अभिव्यक्ति दिएको करिब २ महिना बितिसक्दा संरचना लागू गर्ने कुरा त परै जाओस् स्वीकृत संरचनासमेत सार्वजनिक भएको छैन। मन्त्रालय स्रोतका अनुसार अझै केही थपघट गर्नुपर्ने भएकाले संरचना स्वीकृत नभएको हो। 'संरचना स्वीकृत भएपछि सार्वजनिक गर्नुपर्दैन ?' भन्ने प्रश्नको जवाफमा मन्त्रालयका एक उच्च अधिकारीले भने- 'हल्ला मात्र गर्ने, काम नगर्ने प्रवृत्तिको विकासले यस्तो भएको हो।'

पाठ्यक्रम विकास केन्द्रले साउनबाटै नयाँ पाठ्यपुस्तक तयारी गरी केही जिल्लामा पाइलोटिङ परियोजना लागू गर्ने जनाएको थियो। तर, अहिलेसम्म काममा कुनै प्रगति भएको छैन।

पाठ्यक्रम विकास केन्द्रका कार्यकारी निर्देशक कृष्णप्रसाद काप्रीले आगामी कात्तिकदेखि कक्षा ११ को पाइलोटिङ गर्ने तयारी भएको जानकारी दिँदै भन्नुभयो- '७ वटै प्रदेशको २८ जिल्लामा पाइलोटिङ गर्ने तयारी गरेका छौं। २०७६ मा पाइलोटिङ गरेलगत्तै लागू गर्नेछौं।'

## कक्षा ११ को नयाँ पाठ्यक्रम लागू गर्ने तयारी

यही अवस्था रहिरहे २०७७ सालमा मात्र नयाँ पाठ्यक्रम लागू हुने सरोकारवालाहरू बताउँछन्। कार्यकारी निर्देशक काप्रीले कक्षा ११ को नयाँ पाठ्यपुस्तक शैक्षिक सत्र-२०७६ देखि मात्रै लागू हुने दाबी गर्नुभयो। पुस्तक लेख्नका लागि लेखकमा सार्वजनिक आह्वान गर्नुपर्ने थियो तर उक्त काम अहिलेसम्म भएको छैन।

तर, मन्त्रालय र केन्द्रको मिलेमतोमा भित्रभित्रै लेखक छानेर पाठ्पुस्तक लेख्ने काम भइरहेको स्रोतको दाबी छ। स्वीकृत संरचना वेबसाइटमा राख्ने प्रावधान भए पनि अहिलेसम्म राखिएको छैन। निजी पुस्तक विक्रेता संघका प्रतिनिधि दीपक भण्डारीले आगामी शैक्षिक सत्रमा नयाँ पाठ्यपुस्तक नआउने स्पष्ट पार्नुभयो।

'पाठ्यक्रम विकास केन्द्रले अहिलेसम्म केही तयारी गरेको छैन, कसरी नयाँ पुस्तक छपाइ गर्न सक्छौं', उहाँले भन्नुभयो- '२०७७ सालका लागि मात्र नयाँ पाठ्यपुस्तक छपाउन सकिन्छ।' केन्द्रका कार्यकारी निर्देशक काप्रीले कक्षा ११ को पठनपाठन साउनबाट शुरू हुने भएकाले नयाँ पुस्तक छपाइ गर्न कुनै समस्या नपर्ने जिकिर गर्नुभयो। '११ को २०७६ सालबाट लागू गर्छौं, अरू कक्षाको त्यसपछि।' -काप्रीको भनाइ थियो।

केन्द्रका कार्यकारी निर्देशक काप्रीले परिषद्ले स्वीकृत गरे पनि मन्त्रालयले हालसम्म स्वीकृत गर्न नसकेको बताउनुभयो। उहाँले भन्नुभयो- 'मन्त्रालयले कहिले स्वीकृत गर्ला भन्ने पर्खाइमा रहेका छौं।'

केन्द्रका कार्यकारी निर्देशक कृष्णप्रसाद काप्रीले केही समस्या परेकाले सार्वजनिक हुन नसकेको बताउनुभयो। शिक्षा मन्त्रालयका प्रवक्ता वैकुण्ठप्रसाद अर्यालले स्वीकृत भएको पाठ्यक्रम लागू गर्ने तयारीमा रहेको बताउनुभयो। उहाँले भन्नुभयो- 'सरकारले संरचना स्वीकृत गरिसकेको छ, केही दिनमै नयाँ पाठ्यक्रम बनाउने गृहकार्यमा लाग्नेछौं।'

निर्मला हत्या प्रकरण

# प्रहरी अनुसन्धान शून्य

**मनोज भट्ट, महेन्द्रनगर**

कञ्चनपुर भीमदत्त नगरपालिका-२ उल्टाखामकी १३ वर्षीया किशोरी निर्मला पन्तको बलात्कारपछि हत्या भएको २ महिना पूरा भएको छ। ठीक २ महिना अगाडि, गत साउन १० गते साथीको घरमा 'होमवर्क' गर्न गएकी उनको बलात्कारपछि हत्या भएको थियो। साउन ११ गते निर्मलाको शव घर नजिकैको उखुबारीमा फेला परेको थियो।

घटनाको भएको २ महिना भइसक्दा पनि दोषी पहिचान हुन सकेको छैन। साउन ११ देखि नै अनुसन्धानमा जुटेको प्रहरी प्रशासनले अहिलेसम्म घटनामा संलग्न अपराधीबारे कुनै ठोस प्रमाण जुटाउन सकेको छैन। अनुसन्धान प्रगति शून्य जस्तै छ।

'अझैसम्म खासै ठोस प्रमाण फेला पर्न सकेन', कञ्चनपुरका प्रहरी प्रमुख कुवेर कडायतले भन्नुभयो- 'गहन ढंगले अनुसन्धान भइरहेको छ। तर, अपराधी को हुन् भन्ने स्पष्ट भइसकेको छैन।' उहाँले अनुसन्धानमा संलग्न टोलीले घटनाबारे विभिन्न माध्यमबाट प्राप्त हुने सूचनालाई पछ्याउँदै सूक्ष्म ढंगले अनुसन्धान गरिरहेको दाबी गर्नुभयो।

अनुसन्धानमा कञ्चनपुर प्रहरीलाई प्रहरी प्रधान कार्यालयले बनाएको अनुसन्धान टोलीले पनि सघाइरहेको छ। गत भदौ ३१ गते नेपाल प्रहरीले घटनाको विषयमा छानविन गर्न डीआईजी धिरु बस्नेतको संयोजकत्वमा समिति पुनर्गठन गरी फेरि अनुसन्धानका लागि कञ्चनपुरमा रहेको



छ। तर, यो समितिले पनि अहिलेसम्म ठोस प्रमाण जुटाउन सकेको छैन। प्रहरीले हत्याराको कुनै सुइँको पाउन सकेको छैन।

घटनाको अनुसन्धानमा प्रहरीको गल्तीका कारण अनुसन्धान झन्झटिलो बनेको प्रहरी अधिकृतको भनाइ छ। निर्मला हत्याकाण्डमा प्रहरी प्रशासन निकै आलोचित भयो।

नेपालको उच्च अनुसन्धान छवि बनाएको सीआईबी पनि घटनाको प्रमाण लुकाउन खोजेको आरोपमा तत्कालीन कञ्चनपुर प्रहरी प्रमुख (निलम्बित) एसपी डिल्लीराज विष्टसँगै फस्यो। प्रहरी इतिहासमै पहिलोपटक सीआईबी पनि अनुसन्धानमा चुक्यो। यसले नेपाल प्रहरीको अनुसन्धान प्रक्रियामा नै प्रश्नचिह्न लगाएको छ।

प्रहरीले नै प्रमाण नष्ट गरेको भन्ने आरोप लागेसँगै प्रहरीले तत्कालीन एसपी डिल्लीराज विष्ट, सीआईबीका डीएसपी अंगुर जीसी, डीएसपी ज्ञानबहादुर सेठी, दुई जना प्रहरी निरीक्षक र एक जना असईलाई निलम्बन गरेको थियो। छोरीले न्याय पाउने आशा मर्दै गएको निर्मलाका आमाबुबाको भनाइ छ।

स्थानीय सरस्वती माध्यमिक विद्यालय कक्षा ९ मा पढ्ने निर्मला पन्तको बलात्कार र हत्या घटनापछि उनका लागि न्याय माग्दै कञ्चनपुरसहित देशैभर प्रदर्शन भइरहेको छ।

हत्याको विरोधमा महेन्द्रनगरबाट शुरू भएको प्रदर्शन देशभरि नै फैलिएको हो। मुख्य अभियुक्त भनेर स्थानीय दिलीपसिंह विष्टलाई सार्वजनिक गरेपछि महेन्द्रनगरमा भइरहेको आन्दोलनले उग्ररूप लियो।

त्यस क्रममा प्रहरीले कहिले अश्रुग्यास प्रहार गर्‍यो भने कहिले आन्दोलनकारीमाथि गोली प्रहार भयो। प्रहरीले चलाएको गोली लागी दुई दर्जन आन्दोलनकारी घाइते भए। स्थानीय एक बालक सन्नि खुनाले ज्यान नै गुमाउनुपर्‍यो। घाइतेमध्ये एकको राजधानीमा उपचार भइरहेको छ। हालसम्म उनको होस आएको छैन भने उनले एउटा खुट्टासमेत गुमाउनुपरेको छ। घटना घटेको २ महिनाको अवधिमा कञ्चनपुरलगायत देशैभरि विभिन्न घटना भएका छन्।

प्रस्तावित विधानबारे प्रदेशस्तरीय भेला शुरू

# ८ तहको संरचना बनाउन सुझाव

**नेपाल समाचारपत्र**

काठमाडौं

नेपाली कांग्रेस विधान मस्यौदा समितिले तयार पारेको प्रारम्भिक मस्यौदा माथिको सुझाव संकलनलाई तीव्रता दिएको छ।

सातै प्रदेशबाट सुझाव संकलन गर्ने क्रममा कांग्रेसले हिजो सोमबार प्रदेश-१ को इलाम, प्रदेश-३ को काठमाडौं र कर्णाली प्रदेशको सुर्खेतमा छलफल गरी सुझाव संकलन गरेको छ।

प्रदेश-३ का लागि पार्टी मुख्यालय सानेपामा आयोजित कार्यक्रममा काठमाडौं, ललितपुर, नुवाकोट, रसुवा, धादिङ, चितवन, मकवानपुरका जिल्ला सभापति, महासमिति सदस्य, क्षेत्रीय सभापति, महाधिवेशन प्रतिनिधि तथा प्रतिनिधिसभा सदस्य, राष्ट्रिय सभा सदस्य, प्रदेशसभा सदस्यसहित ३ सय ७६ जना र भातृ एवं शुभेच्छुक संस्थाका प्रमुखहरूले छलफलमा भाग लिएका थिए।

प्रदेश-१ को इलाममा भएको छलफलमा झापा, इलाम, पाँचथर र ताप्लेजुङका जिल्ला सभापति, महासमिति सदस्य, क्षेत्रीय सभापति, महाधिवेशन प्रतिनिधि, प्रतिनिधिसभा सदस्य, राष्ट्रिय सभा सदस्य, प्रदेशसभा सदस्य १ सय ७३ जना र भातृ एवं शुभेच्छुक संस्थाका प्रमुखहरूको उपस्थिति रहेको थियो। कर्णाली प्रदेशमा भएको छलफलमा सुर्खेत, हुम्ला, जुम्ला, मुगु, कालिकोट, डोल्पा, दैलेख, जाजरकोट, रुकुम (पश्चिम भाग) र सल्यानका प्रतिनिधि आएको कांग्रेस केन्द्रीय कार्यालयले जनाएको छ।

पार्टी केन्द्रीय कार्यालयमा भएको छलफल आज मंगलबारसम्म चल्नेछ।

(क्रमशः पृष्ठ ९ मा)

# सर्पले डसेर दिदीभाइको मृत्यु

बुटवल, (नेस)

रूपन्देही जिल्लाको तिलोत्तमा नगरपालिकामा सर्पको डसाईबाट एकै घरका दिदीभाइको मृत्यु भएको छ।

मृत्यु हुनेमा तिलोत्तमा नगरपालिका-६ गणेशपुरको सुस्मिता सुवेदी र सौगात सुवेदी रहेका छन्। आइतबार राति घरमै सुतिरहेको अवस्थामा उनीहरूलाई सर्पले टोकेको थियो। दुवै जनालाई गम्भीर अवस्थामा अस्पताल भर्ना गरिएको थियो। लुम्बिनी अञ्चल अस्पतालमा उपचारका क्रममा उनीहरूको मृत्यु भएको हो।

मृतक दिदीभाइ शान्ति नमुना माविमा अध्यनरत विद्यार्थी हुन्। सुस्मिता कक्षा ४ र सौगात कक्षा १ मा अध्यनरत विद्यार्थी रहेको विद्यालयका शिक्षक कृष्ण केसीले जानकारी दिनुभयो।

# मन बहलाउने पार्क चाहियो हजुर !

**गंगा बराल, काठमाडौं**

अब समाज बदलिन थालेको छ। शहरदेखि गाउँको इच्छा र आकांक्षा फेरिएको छ। पुगीसरी आए पनि नआए पनि मान्छेको जातलाई मनोरञ्जन नभई नहुने आवश्यकता हो। साँच्चै भन्ने हो भने घर, कार्यालय, बैठक, काम ! काम ! अनेक कामको बोझले तनावको तह बढ्दा मान्छेलाई २ मिनेट शान्त भएर एकान्तमा 'रिफ्रेस' हुने ठाउँ पनि छैन।

प्रेमपार्क बनाउनुपर्ने कुरा धेरै अघिदेखि नै नउठेको पनि हैन, तर प्रेमलाई मान्छेहरू संकीर्णरूपमा लिन्छन्। प्रेम गर्दैमा र प्रेमप्रेमिका सँगसँगै भेट्दैमा विकृति बढ्छ भन्ने हाम्रो रुढीवादी सोचाइ छ।

कतिपय स्थानमा त राज्यका संयन्त्रले नै स्वच्छ प्रेम गर्ने प्रेमप्रेमिकालाई नै दुःख दिने गरेको पाइन्छ तर प्रेमबिना संसार चल्दै चल्दैन भन्ने कुरा दुनियाँलाई थाहा छ।

केही दिनअघि गोकर्णेश्वर नगरपालिका-८ को एउटा छलफलमा उठेको प्रसङ्ग सुन्दा अचम्म र सामान्य जस्तो लाग्छ तर त्यस प्रसङ्गभित्र गम्भीर मानव मनोविज्ञान लुकेको थाहा पाउन सकिन्छ।

उक्त वडाको आर्थिक वर्ष २०७४/०७५ को बजेट समीक्षा, शान्ति, सुरक्षा, विकास निर्माण तथा सेवा प्रवाहीकरण सम्बन्धमा छलफल गर्न आयोजित सार्वजनिक सुनुवाइमा स्थानीयबासीले खुलेर वडाध्यक्षसँग भने- 'मन बहलाउने पार्क चाहियो हजुर !' प्रेमपार्क नै नभनिएको भए पनि यसको संकेत अलिकति त्यता पनि थियो। सुनुवाइमा वडाध्यक्षमाथि जनसरोकारसम्बन्धी विभिन्न खालका अन्य धेरै प्रश्न सोधिएका थिए।

स्थानीय बासिन्दा उदय सापकोटाले ठाडै प्रश्न गर्नुभयो- 'भोट माग्न गाउँ आउँदा वृद्धभत्ता बढाउँछौं भन्नुहुन्थ्यो, अहिले त कुरै गर्नुहुन्न, के बढेको भत्ता पाइन्छ कि पाइँदैन, केन्द्रीय सरकारले नदिए पनि वडामै थप्न पाइन्छ कि पाइँदैन ?'

सापकोटाले जनताले तिर्न नसक्ने गरी करको दर बढेकामा पनि स्थानीय सरकारको ध्यानाकर्षण गराउनुभयो। अरूको भनाइ पनि सापकोटाको जस्तै थियो।

सरकारले कर बढाएकोमा तीव्र कटाक्ष गर्दै उनीहरूले आलोचना गरे- 'वडाले जनताका सामान्यभन्दा पनि सामान्य आवश्यकता पूरा गर्न सकेन, सडकनालाहरू अलपत्रै पारिरहेका छन्, युवा कुलतमा फसिरहे पनि कुनै मतलव छैन, रोजगारीमुखी कार्यक्रम ल्याउनै सकेन, धारा छ पानी आउँदैन, वातावरण स्वच्छ राख्न कुनै पहल नै गरिँदैन।'

स्थानीयबासी शुरूमा मौन देखिए पनि अन्तिम चरणमा प्रश्न गर्न उत्साहित भएका थिए। उनीहरूले विभिन्न प्रश्न गर्दै वडाध्यक्षसँग जवाफ मागेका थिए। शुरूमा वडाध्यक्ष मनोज ढुंगानाले कर बढाउने र घटाउने विषय आफूले चाहेर मात्रै नहुने भन्दै बढी कर नलिएको दाबी गर्नुभएको थियो।

अनावश्यक कर उठाएर वडा चलाउनुपर्छ भन्ने आफ्नो सोच नभएको दाबी गर्दै उहाँले भन्नुभयो- 'नागरिकबाट तिरिएको करको सदुपयोग गर्नेछु।'

(क्रमशः पृष्ठ ९ मा)

विश्वविद्यालयका प्राध्यापक सन्तुष्ट हुनुभनेको त मृत विश्वविद्यालयमा मात्र सम्भव हुन्छ। प्राध्यापकको असन्तुष्टिले विश्वविद्यालयलाई चलायमान गराइराख्छ। हामीले यसलाई सकारात्मकरूपमा लिनुपर्छ। प्राध्यापकले उठाएका विरोधका स्वरहरु विश्वविद्यालयको भलाइका लागि गरिएका हुन् कि नितान्त व्यक्तिगत स्वार्थका लागि भन्ने कुरा जिम्मेवार पदधारण गरेका पदाधिकारीहरूले केलाउन सक्ने क्षमता हुनुपर्छ।

# केयूलाई विकेन्द्रीकरणतर्फ उन्मुख गराउँछु

२०४५ सालमा त्रिभुवन विश्वविद्यालय (त्रिवि) बाट स्नाकोत्तर तह जीवविज्ञान विषयमा पढाइ पूरा गरें। त्यसपछि लगत्तै त्रिचन्द्र कलेजमा सहायक लेक्चरर भएर काम शुरु गरिसकेको थिएँ। २०४८ सालमा काठमाडौं विश्वविद्यालय (केयू) को विधेयक पास भयो र दिवा कक्षा सञ्चालन भयो। म बिहान त्रिचन्द्र कलेज र दिउँसो भानुभक्त मेमेरियल स्कुलमा पढाउँथें। त्यति बेला काठमाडौं विश्वविद्यालय (केयू) को केन्द्रीय कार्यालय भानुभक्त स्कुलको नजिकै अम्बिका निवासमा थियो। केयूले प्राध्यापक आवश्यकताको विज्ञापन गर्‍यो मैले पनि निवेदन दिएँ। छनोटमा परें र केयूमा प्रवेश पाएँ। बिहान त्रिविमा, दिउँसो केयूमा कक्षा शुरु भएको पहिलो दिनबाटै पढाउन शुरु गरें। ३ महिनापछि मैले कृषि विश्वविद्यालय अस्ट्रियाको भियनाका लागि विद्यावारिधि छात्रवृत्ति पाएँ। त्यसपछि अध्ययनका लागि अस्ट्रिया गएँ, मन भने सधैं काठमाडौं विश्वविद्यालयमा नै थियो। म फर्केर आउँदा त्रिविमा स्थायी भएर पाटन कलेजमा सरुवा भइसकेको थियो। त्यसपछि धुलिखेल बसेर केही समय पाटन क्याम्पस पढाउन जान्थें र दिउँसो काठमाडौं विश्वविद्यालय आउँथें। यो क्रम लामो समय सम्भव नभएपछि मैले केयू नै रोजें। केयूको स्थापनाको पहिलो दिनबाटै सेवा शुरु गर्नुभएका **प्राडा सुबोध शर्मा**, काठमाडौं विश्वविद्यालयको चौथो रजिस्ट्रारका रूपमा नियुक्ति पाउनुभएको छ। उहाँसँग नेपाल समाचारपत्रका लागि **भगवती तिमल्सिना** र **मोतीराम तिमल्सिना**ले गरेको कुराकानीको सारसंक्षेप :

**केयू नै किन रोज्नुभयो त ?**

मेरो रुचि बढी अनुसन्धानमा हुन्थ्यो। पाटन क्याम्पसमा त्यस्तो वातावरण थिएन। पठनपाठन राम्रो र विद्यार्थी धेरै भए पनि त्यति बेला त्रिविमा राजनीतीकरणले अनुसन्धानकर्ताहरू पहिचानविहीनको अवस्थामा थिए। तत्कालीन सानोठिमीस्थित विज्ञान तथा प्रविधिका डीन, त्रिभुवन विश्वविद्यालयले विद्यावारिधि गरेका अनुसन्धानमा रुचि राख्नेहरूलाई काठमाडौं विश्वविद्यालय उपयुक्त हुने सुझाव पाएपछि एकोहोरो यता लागेको हुँ। केयूमा अनुसन्धानमा रुचि राख्ने प्राध्यापकलाई प्रोत्साहन गर्ने र शिक्षाको गुणस्तर बनाइराख्न शिक्षण संस्थालाई राजनीतिबाट अलग राख्नुपर्छ भन्ने मात्र सुनिन्थियो। त्यसैले तत्कालीन उपकुलपति प्राडा सुरेशराज शर्माले मलाई धेरैपटक प्रशासनिक सेवाका लागि प्रोत्साहित गरिरहनुहुन्थ्यो। तर, मेरो प्राथमिकता प्रशासनिक सेवा नभएकाले अहिल्यै आउने बेला भएको छैन भनी पन्छाउँथें। प्रशासनिक सेवामा भन्दा म सहायक प्रोफेसरबाट एसोसियट र त्यसपछि प्रोफेसर हुँदै, आफ्नै विभागका समकक्षी साथीहरूलाई विद्यावारिधि गराउने यज्ञमा होमिएँ। क्रमशः विद्यार्थी कल्याणमा निर्देशकको जिम्मेवारी लिँदै विभागीय प्रमुखको जिम्मेवारी आयो, त्यो पनि सम्हालें। गत वर्ष स्कुल अफ साइन्सको डीनको अफर आयो त्यसलाई पनि सहर्ष स्वीकारें। डीनको जिम्मेवारी सम्हालिसकेपछि भने सहकर्मी साथीहरूकै सल्लाह शिरोधार्य गरी अब प्रशासनिक सेवाको समेत जिम्मेवारी सम्हाल्नुपर्ने महसुस भयो। सधैंभरि अनुसन्धान मात्र भनेर बसेर सम्भव पनि नहुने रहेछ। जीवनमा अनेकौं मोड आइरहने रहेछ। हरेक मोडमा आवश्यकता र कथाले मागेअनुसार कलाकारले जस्तै भूमिका निभाउँदै जानुपर्ने रहेछ। त्यही भूमिका निभाउँदै यहाँसम्म आइपुगेको छु।

**रजिस्ट्रारको समेत भूमिका निर्वाह गर्नुपर्ला भनी यसअघि कहिल्यै सोच्नुभएको थियो ?**

सोचेको त थिइनँ। तर, अहिले आएर विश्वविद्यालयले मलाई रजिस्ट्रारको भूमिका समेत तपाईंले नै निर्वाह गर्नुपर्छ भन्दै जिम्मेवारी दिइयो। मेरो डीनको म्याद त अझै २ वर्ष बाँकी नै थियो। विश्वविद्यालयले रजिस्ट्रारमा मेरो प्रस्ताव कुलपति अर्थात् प्रधानमन्त्री समक्ष पठाएको रहेछ। कुलपतिज्यूबाट प्रस्ताव स्वीकृत भएर आएपछि सेप्टेम्बरको १७ तारिखमा मलाई रजिस्ट्रारमा नियुक्ति गरियो। त्यसपछि सेप्टेम्बर १८ अर्थात् आश्विन २ गतेबाट मलाई नियुक्तिपत्रसहित विधिवतरूपमा रजिस्ट्रारको जिम्मेवारी सुम्पियो।

**यति लामो समयको अनुभव, संघर्ष र निरन्तरतापछि प्राप्त यो सफलताले कस्तो अनुभूति भइराखेको छ त ?**

लामो समयसम्म काठमाडौं विश्वविद्यालयको सेवामा समर्पित मेरो अनुभव र क्षमतालाई मूल्यांकन गरेरै मलाई यो जिम्मेवारी सुम्पेको महसुस भइरहेको छ। तसर्थ आगामी दिनमा विश्वविद्यालय र सबै कर्मचारीको हित हुने गरी यो विश्वविद्यालयलाई राष्ट्रमा मात्र हैन अन्तर्राष्ट्रिय जगत्मै अब्बल दर्जाको विश्वविद्यालय बनाएर चिनाउने अठोट लिएको छु। यति हुँदाहुँदै पनि अहिले नेपालभित्रै स्तरीय विश्वविद्यालय भए पनि पढाइको वातावरण नभएको भन्दै विद्यार्थी विदेशमा अध्ययन गर्न जाने क्रम बढ्न थालेकाले नेपालमा विद्यार्थी संख्या घट्दै गएको छ। विदेशी विश्वविद्यालयहरू नेपालमा आएर विद्यार्थीलाई होटलहरूमा कार्यक्रम राख्दै त्यहीं विद्यार्थी भर्ना लिएर नेपाली विद्यार्थीलाई बाहिर लाने गरेका छन्। यसलाई तत्कालै रोक्न सकिएन भने भविष्यमा गम्भीर समस्या उत्पन्न हुन सक्छ।

**यसलाई कसरी रोक्न सकिन्छ त ?**

अब विश्वविद्यालयहरूले पुरानो ढर्रा र तरिकाले पठनपाठनमा मात्रै जोड दिएर नेपालमा विश्वविद्यालयहरू जीवन्त रहन सक्दैनन्। अब हामी फरक तरिकाले अगाडि बढ्नुपर्छ भन्ने मलाई लागेको छ। यस विश्वविद्यालयका उपकुलपति प्राडा रामकण्ठ माकजू श्रेष्ठ अत्यन्त सिर्जनशील र निकै ऊर्जाशील हुनुहुन्छ। विदेशमा समेत लामो अनुभव हासिल गरी आउनुभएका उहाँसँग काम गर्दा धेरै कुराहरू सिकिन्छ होला भन्ने लागेर पनि मैले रजिस्ट्रार पदलाई सहर्ष स्वीकार गरेको हुँ। हाम्रो सहकार्यले विश्वविद्यालयलाई धेरै माथि लान सकिने सम्भावना देखेको छु।

**लामो समयदेखि यही विश्वविद्यालयमा रहेर काम गर्नुभएकाले अब केयूलाई कसरी र कस्तो योजना बनाएर अघि बढाउने तपाईंको सोच छ ?**

काठमाडौं विश्वविद्यालय २५ वर्ष पूरा गरेर २६ वर्षमा प्रवेश गरिसकेको छ। यति बेलासम्म अग्रजहरूले थुप्रै राम्रा काम गर्नुभएकाले विश्वविद्यालय सफलताकासाथ यहाँसम्म आइपुगेकोमा कुनै दुविधा छैन। तसर्थ यस अपूर्व योगदानका लागि म सर्वप्रथम सबै अग्रजमा हार्दिक कृतज्ञता प्रकट गर्न चाहन्छु। अब आगामी दिनमा हामीले अझै केही नयाँ सोच र शैलीका साथ विश्वविद्यालयलाई अगाडि बढाउन सकेनौं भने अन्तर्राष्ट्रिय प्रतिस्पर्धामा हामी पछाडि पर्छौं कि भन्ने डर छ। विश्वविद्यालयको अर्गनाइजेसन स्ट्रकचरलाई समयानुकूल परिवर्तन गरी चुस्त बनाउँदै लैजानुपर्छ। चुस्त बनाउने भन्नाले काठमाडौं विश्वविद्यालयअन्तर्गत हाल रहेका ७ वटा स्कुल (संकाय) लाई विकेन्द्रीकरणतिर उन्मुख गराउँदै लाने हो। यसो गरेको खण्डमा स्कुलको डीन र डीनको मातहतमा काम गर्ने विभागीय प्रमुखले आफूलाई बढी जिम्मेवार महसुस गर्नुहुन्छ। त्यो विकेन्द्रीकरणतर्फ उन्मुख हुनु अनिवार्य भइसकेको छ। विश्वविद्यालयका कुनै पनि विषय राजनैतिक होस् या आर्थिक त्यसलाई केन्द्रिकृत गरियो भने प्राध्यापकहरूले विद्रोह गर्न सक्ने सम्भावना हुन्छ। हरेक प्राध्यापकलाई परीक्षा प्रणालीदेखि लिएर आर्थिक, प्राज्ञिक सबै विषयमा स्वतन्त्रता दिँदै जानुपर्छ र त्यो स्वतन्त्रतालाई उहाँहरूले जिम्मेवारीपूर्ण तरिकाले निर्वाह गर्नुहुन्छ भन्ने मेरो पूर्ण विश्वास पनि छ। मेरो कार्यकालमा यो काम अवस्य पनि पूरा हुनेछ।

**अहिले विश्वविद्यालयमा उठिरहेको पारदर्शिताको विषयलाई चाहिं कसरी सम्बोधन गर्नुहुन्छ ?**

प्राध्यापक, कर्मचारीहरूले पारदर्शिता अझै बढाउँदै लानुपर्छ भन्ने विषय अघि सार्नुभएको छ। पारदर्शिता भनेको प्राध्यापक, कर्मचारीहरूको बढुवाका विषयहरू, दरबन्दीका विषयहरू आउँछ। दरबन्दीमा बढुवा गर्दा कुन-कुन सर्त (क्राइटेरिया) अपनाइन्छ भन्ने कुरा निर्देशिकामार्फत सबैको पहुँचमा पुर्‍याउनुपर्छ। त्यसले गर्दा सबैलाई थाहा होस् कि आफू कुन तहमा छु र कुन तहमा पुग्नलाई आफूले के-के गर्नुपर्छ ? त्यसो हुन सक्यो भने मात्र कसैले कसैलाई दोष लगाउने ठाउँ हुँदैन र पूर्णरूपमा पारदर्शिता पनि हुन्छ।

**स्वदेश र विदेशका विश्वविद्यालयहरूको सिकाई विधि पुरानो शैलीको भयो भनिन्छ नि ?**

सरसर्ती हेर्दा देशभित्र र छिमेकी देशका विश्वविद्यालयहरू हेर्ने हो भने धेरै नै परम्परागत तरिकाले गइरहेका छन्। तपाईंहरूले ठीक कुरा उठाउनुभयो। शिक्षकले पढाउने, विद्यार्थीले पढ्ने र डिग्री हातमा दिएर दीक्षित गरेर पठाइदिने। दीक्षित विद्यार्थीले के गरिरहेका छन् त्यसको लेखाजोखा राख्न सकिएको छैन। काठमाडौं विश्वविद्यालयले पनि हाम्रा दीक्षितहरू कहाँ गए र के गरिरहेका छन् भनी सोधखोज गरेजस्तो लाग्दैन। यसका लागि अल्मुनाइहरूलाई सशक्त बनाउँदै लैजानुपर्छ। यतिमात्र नभई हाम्रा विद्यार्थी दीक्षित भएर जाँदा प्रमाणपत्रसँगै सीपसमेत सिकेर जान सक्षम हुनुपर्छ र बनाउनुपर्छ। त्यही उद्देश्यले काठमाडौं विश्वविद्यालयले स-साना आइडियाजका लागि इनोभेसन सेन्टरहरू खोल्दै लगिएको ज्वलन्त उदाहरण हामीसँग छ। हामीले निकालेको उत्पादन गुणस्तरीय हुनुपर्छ। विद्यार्थीले हामीबाट सिकेका सीपले भविष्यमा रोजगारका लागि भौंतारिनु नपर्ने र उनीहरूले अरूलाई समेत सिकाएका कुराले रोजगारी पाउन सक्ने क्षमताका विद्यार्थीको उत्पादन गर्न सक्नुपर्छ। मेरो ४ वर्षको पहल त्यसमै केन्द्रित हुन्छ।

**कहिलेकाहीं प्राध्यापक र विद्यार्थीको पनि असन्तुष्टि आउने गर्छन् ? यी विषयलाई कसरी सम्बोधन गर्नुहुन्छ ?**

विश्वविद्यालयका प्राध्यापक सन्तुष्ट हुनुभनेको त मृत विश्वविद्यालयमा मात्र सम्भव हुन्छ। प्राध्यापकको असन्तुष्टिले विश्वविद्यालयलाई चलायमान गराइराख्छ। हामीले यसलाई सकारात्मकरूपमा लिनुपर्छ। प्राध्यापकले उठाएका विरोधका स्वरहरू विश्वविद्यालयको भलाइका लागि गरिएका हुन् कि नितान्त व्यक्तिगत स्वार्थका लागि भन्ने कुरा जिम्मेवार पदधारण गरेका पदाधिकारीहरूले केलाउन सक्ने क्षमता हुनुपर्छ। केयू सानो विश्वविद्यालय भएको हुनाले यहाँ प्राध्यापक सबैले सबैलाई चिन्छन्। उहाँहरूले पूरा गर्नुभएको जिम्मेवारीअनुसार समय-समयमा उचित मूल्यांकन हुनुपर्छ। सबैलाई पदाधिकारी बनाउन सम्भव हुँदैन। कहिलेकाहीं सबैले जिम्मेवारी पाउनुपर्ने कुराले मात्र असन्तुष्टि पैदा हुने गर्दछ। तर, पारदर्शीरूपमा सबैको उचित मूल्यांकन गर्दै जाँदा यस्तो समस्या स्वतः समाधान हुन्छ।

**यस्तो हुन नदिन सजिलो उपाय के छ त ?**

यसका लागि अर्को एउटा योजना पनि ल्याउनुपर्छ जस्तो लाग्छ। केन्द्रमा मात्र कार्यक्रम राख्नुभन्दा सबै क्षेत्रमा आंगिक क्याम्पसहरूको विस्तार गर्दै जाने र वरिष्ठ प्राध्यापकहरूलाई त्यहाँको जिम्मेवारी दिनुपर्छ। प्राध्यापकको हकमा क्षमताका आधारमा कार्यक्षेत्रको विस्तार गर्नुपर्छ। सानो ठाउँमा कार्यक्षेत्र विस्तार गर्न गाह्रो हुन्छ। विद्यार्थीले ठूलो आकांक्षा लिएर केयूमा प्रवेश परीक्षा दिएका हुन्छन्। चाहँदाचाहँदै पनि सबैलाई समेट्न सकिरहेका हुँदैनन्। विशेष गरी फार्मेसी, कम्प्युटर साइन्सका विषयमा विद्यार्थीको आकांक्षा धेरै देखिएको छ। अरू विषय बेसिक साइन्समा केयूले निर्धारण गरेको शुल्क तिरेर आउने सम्भावना कम छ। एप्लाइड साइन्स विषयमा तोकिएको शुल्क तिरेर आउँनेहरू धेरै छन्। बेसिक साइन्समा शुल्क समायोजनका लागि सरकारले लगानी र छात्रवृत्तिको व्यवस्था गर्नुपर्छ। यस्तो गर्न सकिए केयूले बेसिक साइन्सलाई सोचेअनुरूप बढावा दिँदै जान मद्दत मिल्छ। बेसिक साइन्सबिना अन्य साइन्सको आधार नै तय हुन्न। केयूमा आउने विद्यार्थी निकै मेहनती र ताज पहिरिएर बाहिर जान पाएकोमा मख्ख हुने खालका हुन्छन्। यिनै विद्यार्थीलाई भविष्यमा थप जिम्मेवार बनाउँदै लैजानुपर्ने ठूलो चुनौती पनि छ।

**भर्नाकै समयमा मात्र विश्वविद्यालयमा देखिने उतार-चढावलाई कसरी व्यवस्थापन गर्न सकिएला ?**

यो समस्या भनेको माग र आपूर्तिमा समान भएन भने आउने समस्या हो। विश्वविद्यालयले मागअनुसारको पूर्ति गर्न सकिरहेको अवस्था छैन। यति बेला भइरहेको संरचनाले पनि माग पूरा गर्न सकिने अवस्था छैन। यसका लागि सबै कार्यक्रम धुलिखेलमा मात्र केन्द्रित गर्न सकिन्न। ४ वर्षको अवधिमा गर्नुपर्ने एउटा महत्त्वपूर्ण काम भनेको शैक्षिक कार्यक्रम एक सिफ्टमा मात्र नभएर दुई सिफ्टमा चलाउने हो। यो कार्यक्रमले काठमाडौं विश्वविद्यालयमा पढ्न इच्छुक धेरै विद्यार्थीलाई समेट्न सकिएला कि भन्ने विश्वास मात्र हो। सकेसम्म धेरैभन्दा धेरै विद्यार्थीलाई समेट्न प्रयत्न गर्नेछौं।

**पछिल्लो समयमा विश्वविद्यालयले मेडिकल कलेजलाई मात्र ध्यान दिंदा कलेजको विस्तार त भयो तर, गुणस्तरमा भने कमी आयो भन्ने गुनासा आउन थालेका छन् नि ?**

केयूले मेडिकल विषयलाई नै प्राथमिकतामा राखेको कुरा साँचो हो। विश्वविद्यालयको स्थापना र उद्देश्य नै एउटै कम्पाउन्डभित्र विज्ञान र प्रविधिका विषयमा आवासीयरूपमै गुणस्तरीय शिक्षा दिने लक्ष्य लिएकै हो। यो भनेको विदेशी विश्वविद्यालयहरूले दिएजस्तै शिक्षा दिएर हाम्रा विद्यार्थीलाई विदेश पलायन हुनबाट रोक्ने लक्ष्य हो। नेपाली कामदार विदेश पलायन हुँदा विकास निर्माणका काम गर्न क्षमता नभएका कन्ट्र्याक्टरहरूलाई नै कन्ट्र्याक दिनुपर्ने बाध्यता छ। यो बाध्यताको प्रमुख कारण त्यो तहका अरू नहुनु नै हो। यसमा पनि अभिभावक र विद्यार्थीको छनोटले निर्धारण गर्ने कुरा हो। कतिपय अवस्थामा विश्वविद्यालयले प्राथमिकतामा राखेका विषय विद्यार्थीका रुचिका विषय नहुन पनि सक्छ। अझै पनि हाम्रो लक्ष्य भनेको पलायन हुन लागेका विद्यार्थीलाई नेपालमै राख्नु अथवा रोक्नु हो। मेडिकल साइन्सले धेरै विद्यार्थीलाई पलायन हुनबाट रोकेको पनि छ।

**विद्यार्थी रोक्ने लक्ष्य छ भनिरहँदा अझै पनि विद्यार्थीलाई रोक्न सकिएको पाइन्न कसरी रोक्ने त ?**

संसार एउटै पृथ्वी हो। सकभर नेपालको उत्पादन नेपालमै राख्नुपर्छ भने लक्ष्य राख्नुपर्छ। यसका लागि नेपाल सरकारले रोजगारीको अवसर बढाउनुपर्छ। केयूले पनि विद्यार्थीलाई दीक्षित भएर पठाउँदा पनि प्रमाणपत्र मात्र हैन सीप पनि सिकायौं भने ती विद्यार्थी यहीं नै रोजगारीतर्फ केन्द्रित हुन्छन्। यो काठमाडौं विश्वविद्यालयले राख्नुपर्ने दूरगामी सोच पनि हो।

**केयूको गुणस्तरमा कमी आएको भनिन्छ नि ?**

गुणस्तर कमी भएको कुरालाई म स्वीकार्दिनँ। गुणस्तर भन्ने विषय केसँग दाँज्ने। विश्वविद्यालयले आफ्नो गुणस्तरलाई कुन विश्वविद्यालयसँग दाँज्ने भन्ने हो। केयूको गुणस्तर असाध्य राम्रो छ भनेर अभिभावकले आफ्ना छोराछोरी पठाउने गर्नुभएको छ। यहाँ हाम्रा प्राध्यापक र पदाधिकारीहरूले गुणस्तर पुगेन है भन्ने गुनासो नगरेका होइनन्। यस्ता गुनासाहरू गुणस्तर बढाउनकै लागि भइरहेका हुन्छन्। जुन दिन हामीले यो चर्चा परिचर्चा बन्द गर्छौं त्यो दिनदेखि गुणस्तर खस्कँदै गएको भन्ने बुझ्नुपर्ने हुन्छ।

**पछिल्लो चरण केयूमा राजनीति प्रवेश गरेको चर्चाले प्रशस्तै स्थान पाएको छ ? यसले विश्वविद्यालयप्रति हेर्ने दृष्टिकोणमा अलि फरक आएको हो ?**

विश्वविद्यालयमा राजनीति गर्नुहुन्न भन्ने कुरा देशका प्रधानमन्त्री तथा कुलपति केपी ओलीले पनि स्वीकार्नुभएको छ। यस मामिलामा काठमाडौं विश्वविद्यालय अरू विश्वविद्यालयभन्दा फरक छ। केयूमा राजनीति नगर्ने सोचका साथ विशुद्ध शैक्षिक ज्ञानका लागि मात्र आउने विद्यार्थी धेरै हुन्छन्। राजनैतिक चेतनाको आधारमा विश्वविद्यालयको पठनपाठन नै बिगार्ने उद्देश्यले यहाँ विद्यार्थी आएका छैनन् र भविष्यमा पनि आउला जस्तो लाग्दैनन्। यसमा हामीले गर्व गर्नुपर्छ।

**यसपटक पनि सम्बन्धन बढाउने कुरा छ कि ?**

राजनीतिबाट यस विश्वविद्यालयलाई टाढै राख्नु आवश्यक छ। सम्बन्धनको राजनीतिले विश्वविद्यालयको गुणस्तरमा समेत ह्रास ल्याउने काम गर्छ। सम्बन्धन भनेको आयमूलक हुन्छ त्यसैले सम्बन्धन हैन आंगिक क्याम्पसका रूपमा यसलाई विस्तार गर्नुपर्छ भन्ने मेरो धारणा छ।

**कुलपतिको ऐन संशोधनको प्रस्ताव ल्याउनु, निवर्तमान रजिस्ट्रारले राजीनामा दिनुलाई यहाँले कसरी लिनुभएको छ ?**

विश्वविद्यालयको २५औं वर्षगाँठ मनाउँदै गर्दा विश्वविद्यालयको कुलपतिले नै प्रधानमन्त्री कुलपति राख्नुहुन्न भन्नुका कारण सबै विश्वविद्यालयमा पुग्न समय अभावले प्रधानमन्त्रीलाई नभ्याइने र नेपाल सरकारले बजेट दिएर नभई विश्वविद्यालयहरू आफैं चल्न सकुन् भनेर हुन सक्छ। वास्तवमा यो प्रधानमन्त्रीको दूरगामी सोच पनि हो। निवर्तमान रजिस्ट्रारले पहिलो कार्यकाल सफलतापूर्वक पूरा गर्नुभएको हो र दोस्रो कार्यकालको यो अवधिमा आएर विश्वविद्यालयभित्र केही मतभिन्नता आएपछि दिनुभएको राजीनामालाई हामीले त्यति ठूलो विषय मान्नु पनि हुन्न।

**अन्तमा पाठकलाई भन्न अझै कुरा छुटेको जस्तो लागिरहेको छ कि ?**

तपाईंहरूले पहिले नै यति धेरै कुरा सोधिसक्नुभएको छ कि त्यस्तो छुटे जस्तो त केही लाग्दैन। काठामाडौं विश्वविद्यालय राष्ट्रको पहिचान मात्र नभई यसले अन्तर्राष्ट्रियरूपमै ख्याति कमाइसकेका कारण विदेशी विद्यार्थीसमेत यहाँ अध्ययन गर्न लालायित हुने गरेका छन्। तसर्थ यस विश्वविद्यालयबाट नेपाल र नेपालीले पनि धेरै कुरा सिक्न सक्छन् भन्ने लाग्छ। यसको गुणस्तरीयतालाई अझै बढाउँदै लानु मेरो सबैभन्दा ठूलो प्राथमिकता हुनेछ। यो चुनौतीलाई पार गर्न मेरो काँधमा पनि ठूलो जिम्मेवारी आएको छ। म विश्वविद्यालयसँग सम्बन्धित सबै प्राध्यापक र कर्मचारीको साथ लिएर बलियो टिमवर्कसहित यो चुनौतीलाई पार गर्न दृढ संकल्पित भएर लागिपर्ने छु।

“देशभित्र र छिमेकी देशका विश्वविद्यालयहरु हेर्ने हो भने धेरै नै परम्परागत तरिकाले गइरहेका छन्। तपाईंहरुले ठीक कुरा उठाउनुभयो। शिक्षकले पढाउने, विद्यार्थीले पढ्ने र डिग्री हातमा दिएर दीक्षित गरेर पठाइदिने। दीक्षित विद्यार्थीले के गरिरहेका छन्, त्यसको लेखाजोखा राख्न सकिएको छैन। काठमाडौं विश्वविद्यालयले पनि हाम्रा दीक्षितहरु कहाँ गए र के गरिरहेका छन् भनी सोधखोज गरेजस्तो लाग्दैन। यसका लागि अल्मुनाईहरुलाई सशक्त बनाउँदै लैजानुपर्छ। यति मात्र नभई हाम्रा विद्यार्थी दीक्षित भएर जाँदा प्रमाणपत्रसँगै सीपसमेत सिकेर जान सक्षम हुनुपर्छ र बनाउनुपर्छ।”





## स्वागत सत्कार

बुटवलमा सम्पन्न *कुमार सानु लाइभ* कार्यक्रमपछि लुम्बिनी भ्रमणका क्रममा गायक सानु र गायिका देविका वन्दनालाई स्वागत गरिँदै।

PAGE 3

## जापानमा रोमान्स

अभिनेतृ सरिता लामिछाने र निर्देशक ऋषि लामिछाने दम्पती जापानमा।



# पशुपतिमा मुहूर्त दार्जलिङमा सुटिङ



*लिली बिली* जोडी प्रदीप खड्का र जसिता गुरुङको अर्को फिल्म *लभ स्टेसन*को पशुपतिमा मुहूर्त भएको छ भने सुटिङ दार्जलिङमा हुने भएको छ। प्रदीप र जसिताकै हिट जोडी रहने *लभ स्टेसन*को सोमबार बिहान पशुपति मन्दिरको प्रांगणमा शुभमुहूर्त गरिएको हो।

पूजाआजापछि प्रदीप खड्का, रमेश बुढाथोकी, प्रकाश शाह, रश्मी पाण्डे, रवि डंगोललगायतका कालकारले मुहूर्त सर्ट दिएका थिए। फिल्मको सुटिङका लागि युनिट आज मंगलबार दार्जलिङतिर लाग्ने भएको छ भने ११ गतेबाट सुटिङ शुरू हुने भएको छ। फिल्ममा रवि डंगोल, श्रद्धा क्षत्री, सिरू विष्ट, प्रिया रिजाल, कालु राना, दिनेश काफ्ले, विनोदकुमार पौडेललगायतका कलाकारले अभिनय गर्नेछन्।

नायक प्रदीपले *लिली बिली*मा आफू र जसिताको जोडीलाई दर्शकले निकै रुचाएकाले *लभ स्टेसन*मा जोडीका रूपमा प्रस्तुत हुन लागेको बताए। प्रेमकथामा आधारित भए पनि विगतभन्दा यो फिल्ममा आफ्नो भूमिका फरक हुने प्रदीपले दाबी गरे। फिल्म उज्वल घिमिरेले निर्देशन गर्दै छन्। फिल्म प्रेम र सामाजिक कथामा आधारित हुने निर्देशक घिमिरेले बताए। फिल्ममा लेखन निर्देशक घिमिरेका साथमा सुवास सिंह बस्न्यातको रहेको छ भने संगीत शम्भुजित बासकोटा, दीपक शर्मा, अर्जुन पोखरेल र एलिश कार्कीको, कोरियोग्राफी विक्रम स्वाँर र शिशिर खाती, छायांकन कुमार महर्जन, छायांकन आलोक शुक्लको रहनेछ। काफिया फिल्म्स्को ब्यानरमा गोविन्द शाहीको प्रस्तुति रहने फिल्म काफिया शाही 'क्रिस' र कविरविक्रम शाहीको निर्माणमा बन्दै छ।

## बलिउड निर्देशक लाजमीको निधन

बलिउड निर्देशक कल्पना लाजमीको ६४ वर्षको उमेरमा निधन भएको छ।

लामो समयदेखि मृगौला क्यान्सरबाट पीडित लाजमीको धिरुभाइ अम्बानी अस्पतालमा उपचारका क्रममा निधन भएको भारतीय सञ्चारमाध्यमले जनाएका छन्। कल्पना पेन्टर ललिता लाजमीकी छोरी र गुरु दत्तकी भतिजी थिइन्।

यथार्थवादी फिल्म निर्देशकका रूपमा चिनिने उनका फिल्महरू महिला केन्द्रित हुन्थे। उनका चर्चित फिल्महरू *रुदाली, दमन, दरमियान*लगायत छन्। उनले निर्देशक श्याम बेनेगलसँग सहायक निर्देशकका रूपमा बलिउडमा डेब्यु गरेकी थिइन्। उनले निर्देशन गरेको अन्तिम फिल्म *चिरगी* सन् २००६ मा प्रदर्शन भएको थियो।



## कट्रिनाले सलमानको घरमा उल्टो आरती गरेपछि

१० दिनसम्म चल्ने गणपति उत्सव बलिउडमा निकै ठूलो उत्सवका रूपमा मनाइन्छ। गणेश चौथीको अवसरमा केही बलिउड स्टारले आफ्नो घरमा गणपति पूजा गरे। अभिनेता सलमान खानले पनि सदाझैं घरमा गणपति पूजाको आयोजना गरे।

यही मौकामा बलिउडका केही हस्ती सलमानको घरमा पूजाका लागि गए। सलमानको परिवारका साथ नायिका कट्रिना कैफले आरती गरिन् तर उनको आरती गर्ने तरिका उनको फ्यानलाई भने मन परेन। कट्रिनाले उल्टो आरती गरेका कारण उनका फ्यानले उनलाई ट्रोलको शिकार बनाएका छन्। उक्त समय सलमानको घरका सम्पूर्ण सदस्य थिए। तर, कसैले कट्रिनालाई रोकेनन्। कट्रिनाले आरतीको समय बत्तीलाई दाहिने घुमाउनुपर्नेमा देब्रे घुमाइरहेकी थिइन्। आरतीको भिडियो बाहिरिएपछि कट्रिना ट्रोलको शिकार भएकी छिन्। एक युजरले त उनलाई 'अहिलेसम्म यति पनि सिकेकी छैनौ' भनेर कमेन्टसमेत गरेका छन्।



# फुलेको वैंशसँगै युवराज



लोकप्रिय युवा गायक युवराज चौलागाईं र गायिका अनुष्का पाठकको स्वरमा रहेको *फुलेको वैंश* बोलको आधुनिक गीत म्युजिक भिडियोसहित हालै सार्वजनिक भएको छ। उक्त गीतको भिडियोलाई युवराजले आफ्नो युट्युब च्यानलबाट सार्वजनिक गरेका हुन्। गीतमा संगीत युवराज चौलागाईंकै रहेको छ भने शब्द र एरेन्ज राजन इशानको रहेको छ।

सार्वजनिक रोमान्टिक गीतको भिडियोमा गायक युवराज, गायिका अनुष्का पाठक र मोडल प्रतिभा दवाडीको साथमा सविना गुरुङ र लोकेश थापाको दमदार अभिनय र नृत्य देख्न सकिन्छ। भूषण दाहालले निर्देशन गरेको भिडियोमा सुनील क्षत्रीको कोरियोग्राफी तथा धीरजजंग शाहको छायांकन रहेको छ।

## निशाले संगीतमा ल्याइन् अन्तरा




गायिका निशा देसारको एकल गीति अडियो एल्बम *अन्तरा* सार्वजनिक भएको छ। शनिबार राजधानीमा आयोजित एक समारोहबीच एल्बमको गायक प्रेमध्वज प्रधान, संगीतकार शक्तिबल्लभ श्रेष्ठ, जुगल डंगोल, गायिका निशा देसार, गीतकार हेमन्त ओली र विन्ध्यवासिनी म्युजिक कम्पनीका प्रबन्ध निर्देशक सुवास रेग्मीले संयुक्तरूपमा सार्वजनिक गरेका हुन्।

कार्यक्रममा बोल्दै गायक प्रेमध्वज प्रधानले गीतहरू सबै कर्णप्रिय भएको र निशाको स्वरले अझ उत्कृष्ट बनेको बताए। एल्बमका संगीतकार जुगल डंगोलले एल्बमका गीतलाई मौलिक बनाउने प्रयास गरेको बताए भने संगीतकार शक्तिबल्लभले *अन्तरा*भित्र सबै प्रकारका गीत रहेकाले कर्णप्रिय बनेको बताए। गीतकार हेमन्त ओलीले आफ्नो पहिलो एकल एल्बम भएको जानकारी गराए भने गायिका निशा देसारले एल्बमका गीतबारे थप प्रकाश पारिन्। विन्ध्यवासिनी म्युजिकका सुवास रेग्मीले संगीत क्षेत्रको समस्याबारे प्रकाश पार्दै अन्तराका गीतहरू कर्णप्रिय भएकाले उत्पादन र वितरण गरेको बताए। कार्यक्रममा गायिका देसारले एल्बममा संगृहित *जलाएर मुटु*सहित पाँचै गीत प्रत्यक्ष गाएर सुनाएकी थिइन्।



# विचार

साहित्य, कला र संगीत, यी तीन
कुरामा एउटै पनि नजान्ने मानिस
पुच्छर र सिङ नभएको पशुसरह हुन्छ।
- भर्तृहरि

जसलाई कहिल्यै आशा
लाग्दैन, ऊ कहिल्यै
निराश पनि हुँदैन।
- बर्नाड शा

## सम्पादकीय

नेपाल समाचारपत्र

# सफलताका आधारहरू क्षीण

राष्ट्रप्रमुख, कार्यकारी प्रमुख, मन्त्री सबैको मुखमा झुन्डिएको नारा हो 'सुखी नेपाली र समृद्ध नेपाल'। यो नारा र सरकारको काम गराइमा सामञ्जस्यता आउन सकेको देखिँदेन । यतिखेर दैनिक अत्यावश्यक पर्ने तरकारीदेखि इन्धनसम्मको अचाक्ली मूल्यवृद्धिले जनता आक्रान्त भएका छन् । पेट्रोलियम पदार्थमा सरकारले चारपटक मूल्य वृद्धि गरिसकेको छ । दशैँको मुखमा आएर सार्वजनिक यातायातको भाडासमेत बढाइएको छ। गाडीभाडा बढेपछि अब अन्य वस्तुमा पनि कृत्रिम मूल्यवृद्धि नहोला भन्न सकिन्न । चाडबाड नजिकिँदै गर्दा खर्चको जोहो गर्न नसकिएला कि भनेर चिन्तित सर्वसाधारणको जीवन झनै कष्टकर हुने भएको छ । यस्तो अवस्थामा सरकारको 'सुखी नेपाली र समृद्ध नेपाल भन्ने नारा बेमौसमी बाजाजस्तो साबित भएको छ ।

दशैँको मुखमा आवागमन सहज गर्न भन्दै भाडा बढाउनेमा सरकारले सहमति जनाएको छ । तरकारीको भाउ आकाशिएकोमा मन्त्रीले समेत कालिमाटी बजारमा अनुगमन गरेको धरै दिन बितेको छैन । यो राष्ट्रमा केही होला भन्ने आशाको संकेतसम्म नपाएर विदेशिने युवावर्गको संख्या दिन-प्रतिदिन बढिरहेको छ । तर पनि सरकार समृद्धिको नारा भट्याउन छाडेको छैन। समृद्धिको नारालाई घाममा सुकाएर राजनीतिक दलका नेता र तिनका आसेपासहरू राज्यको स्रोत-साधनको दोहनमा लागिरहेका छन्। अहिलेसम्मको घटनाक्रमले आमनेपाली सुखी नभई बिचौलिया, आफ्नो स्वार्थ छोड्न नसक्ने नेता, उच्चपदस्थ कर्मचारी, पहुँचवालाहरू सुखी छन् भन्ने देखाएको छ । प्रत्येक नेपाली रोजगारीको अभावले गरिबीको मारमा पिल्सिँदै जाने र ठाटाबाठाहरूको समृद्धि हुँदै जाने अवस्था उत्पन्न भएको छ। दुई तिहाइको बलमा उभिएको सरकारले समृद्धिको दिशामा माखोसमेत मार्न नसकेको र भविष्यमा मार्ने संकेत पनि नदेखाउनुले समस्याका चाङले थिचिएका नेपालीलाई झनै निराशा तुल्याएको छ ।

आखिर सुखी नेपाली र समृद्ध नेपालको अवधारणा आफैंमा अमूर्त भएको छ । त्यसको मूर्तरूपमा परिभाषा गरेर जनताको जनजीवन सहज पार्नेमा सरकारको ध्यान गएको आभास पनि जनताले गर्न सकेका छैनन्। यस्तो अवस्थाले राजनीतिक स्थिरता भए पनि देश समृद्धिको दिशामा अघि बढ्न सक्ने देखिँदैन। सुखी र समृद्धिको नारा चुनावी नारासिबाय अरूथोक होइन भन्ने धारणा जनमानसमा बलियो बन्दै गएको छ । आखिर सरकार राज्यको सुविधा भोग्ने एकमात्र लक्ष्य ठानेर आत्मरतिमा त रमाइरहेको छैन ? जनतामा हल्काफुल्का ठट्टा गरेर निराशा र समस्यालाई छोप्ने अनि भ्रम फैलाउने कार्य त सरकारी तवरबाट भइरहेको छैन ? भन्ने प्रश्नहरू सर्वत्र उठ्न थालेका छन् । आइपरेका समस्याको स्थायी समाधान खोज्ने भन्दा पनि ती समस्यालाई सामान्य टालटुल गरी नागरिकलाई भ्रममा पार्ने काम भइरहेको छ । यतिखेर सरकार असफल भयो भन्ने बेला भइनहाले पनि सफल हुनेमा आधारहरू क्षीण बन्दै गएको आभास बढ्दै भएको छ । त्यसैले अब सरकार सचेत हुनै पर्छ ।

# अरिङ्गाल बन्ने कि माहुरी ?



बालकृष्ण मैनाली

नेपालको परिप्रेक्ष्यमा जुनसुकै तहको पनि जनआन्दोलनलाई भजाएर आफ्नो राजनीतिक स्वार्थ पूरा गर्ने राजनीतिक व्यवसायीहरूले जनताको चाहना पूरा गर्छु भनी गुलियो अश्वासन बाँडेर नै सत्तामा पुगे। सत्तामा पुगेपछि आफ्नो दम्भको प्रदर्शनमा अलिकति पनि कतै कमी आयो कि भनेर छटपटाहट हुँदो रहेछ। चाहे राणाशासनलाई ढालेर सत्तामा पुगेको कांग्रेस होस् वा पञ्चायत व्यवस्थाविरुद्ध आन्दोलनको नाउँमा सत्तामा पुगेको कांग्रेस र कम्युनिस्ट होस् अथवा गणतान्त्रिक सत्ताका सञ्चालक कांग्रेस-कम्युनिस्ट वा वर्तमान दुई तिहाइका शासक नै किन नहुन्, तत्-तत् बेलाका शासकदेखि वर्तमान बेलाका शासकसम्मका काम गराइ र अभिव्यक्ति हेर्दा अपवादको रूपमा कृष्णप्रसाद भट्टराईको सरकार र मनमोहन अधिकारीको छोटो अवधिको सरकारदेखि बाहेक जनताको भावनालाई सम्बोधन गर्नुभन्दा पनि आफ्नै विजयी उन्मादको दम्भ प्रदर्शित गर्नु प्राथमिकतामा परेको देखिन्छ। अनि वरिपरि रहेका आफन्त र विश्वासपात्र भनाउदाँहरूका सही गलत जे सल्लाह प्राप्त भए पनि त्यसलाई आत्मसात् गर्नुदेखिबाहेक त्यो सल्लाह र सुझावलाई मनन गरेर सही सुझाव ठहरिएमा मात्र सार्वजनिक गरिनुपर्ने ठाँउमा वास्तविक र न्यायिक विवेचनाको अभावमा सार्वजनिक गर्ने गरिँदा असल र सकारात्मक कार्यको पहिचान नै हुन नसकेको हो कि भन्ने शंसय पैदा गराइदिएको छ।

> जनताले प्रधानमन्त्री केपी ओली र उनका दललाई दुई तिहाइ बहुमतसहित चुन्नु भनेको सत्तामा पुगेपछि दललाई केही अप्ठ्यारो पर्नासाथ कार्यकर्ताहरूलाई अरिङ्गाल बनेर जाइलाग्ने किसिमको अभिव्यक्ति प्रवाह गर्न होइन। उनी र उनको दललाई जस्तोसुकै प्रतिकूल परिस्थिति आइपरे तापनि अबचाँहि माहुरी भएर जनतालाई मह प्रदान गर्नेछन् भन्ने आशयले सत्तामा पुऱ्याएका हुन्, न कि द्वन्द्व निम्त्याउने अभिव्यक्ति प्रदान गर्न ?

वर्तमान दुई तिहाइको सरकार पनि यही पारामा अगाडि बढदै गरेको अनुभूति अब सर्वत्र हुन थालेको छ। प्रधानमन्त्रीलाई देशको चिन्ताभन्दा आफ्नो दलको चिन्ताले सताउन थालेको अनुभूति हुँदै छ। प्रधानमन्त्रीबाट आएका र सार्वजनिक भइरहेका अभिव्यक्तिहरूले उनको आफ्नै स्तर मापन खस्किँदो अवस्थामा अगाडि बढिरहेको विषयमा प्रधानमन्त्री स्वयम् बेखबर रहेको भन्ने कुरा उनको बेलाबेलामा आउने असुहाउँदा अभिव्यक्तिहरूले स्पष्ट पारिदिएका छन्।

कुनै अमुक दलको अध्यक्ष प्रधानमन्त्री हुन सक्छन् तर प्रधानमन्त्री कुनै अमुक दलको मात्र प्रधानमन्त्री हुन कदापि सक्दैनन्। त्यसैले देशको प्रधानमन्त्रीले आफ्नो दलमा कुनै समस्या देखा परेको हो कि भन्ने महसुस भयो भन्दैमा प्रधानमन्त्रीको हैसियतले आफ्ना समर्थक र कार्यकर्ताहरूलाई मात्र नभई अप्रत्यक्षरूपमा राज्यका सबै संयन्त्रहरूलाई अरिङ्गालको गोलो बनेर प्रस्तुत हुन निर्देशन दिन मिल्दैन। वास्तवमा प्रधानमन्त्रीको उक्त अरिङ्गाल बनेर जाइलाग्नु भनी आएको अभिव्यक्तिप्रति आफ्नै कार्यकर्ता पंक्ति र शुभेच्छुक पनि उति प्रसन्न देखिँदैनन् अरू प्रतिपक्षी र विरोधीहरूले उक्त भनाइको खोइरो खन्ने कुरा त आफ्नो स्थानमा छँदै छ।

तत्कालीन भारतीय नाकाबन्दीविरुद्ध राष्ट्रहितमा कठोर अभिव्यक्ति प्रदान गरेर रातारात हिरो बन्न पुगेका वर्तमान प्रधानमन्त्रीलाई दुई तिहाइको मतसहित जनताले त्यसै शक्तिशाली बनाएका होइनन्। विगतका उनका गुण-दोष जेसुकै भएको भए तापनि उनको स्वास्थ्यस्थितिसमेतलाई जनताले ध्यान दिई यिनलाई प्रधानमन्त्री बनाएमा कम्तीमा पाँच वर्षभित्र परिधिको शासन, अनुशासनपूर्ण शासन अनि संविधान र कानुनमा उल्लेख गरेभन्दा एकरत्ती पनि दायाँबायाँ नहुने शासनको प्रत्याभूति प्रदान गर्न सक्षम हुनुहुन्छ नै भनेर लोकले पत्याएर यो अवस्थामा ल्याइपुऱ्याएका हुन्। विडम्बना, अहिलेसम्मको उनको कार्यकाललाई हेर्दा त्यति सन्तोष गरिहाल्नुपर्ने ठाउँ भने देखा पर्न सकेको छैन।

प्रत्येक व्यक्तिका प्रस्तुतीकरणमा आ-आफ्ना शैली हुन्छन्। प्रधानमन्त्रीका पनि प्रस्तुतीकरण गर्ने सम्बन्धमा आफ्ना शैली छन्। आफ्ना अभिव्यक्तिहरूमा उदाहरणसहित उखान टुक्काको प्रयोग गरेर प्रमाणित गर्न खोज्ने उनको विशेषता बनिसकेको छ। विपक्षी तथा विरोधीहरूले राजनीतिक हैसियतले त्यसलाई मोहरा बनाएर प्रचारप्रसार गर्लान्, त्यो जनचासोको विषय होइन। जनचासोको विषय भनेको जनतासँग सम्बन्धित विषयहरूसँग हुन्छ। हालै प्रधानमन्त्रीबाट निर्देशात्मकरूपमा अभिव्यक्ति भएका 'अरिङ्गाल भएर प्रस्तुत हुनु' भन्ने अभिव्यक्ति जनतासँगै सरोकार राख्ने तर जनतलाई तर्साउने खालको अभिव्यक्तिको विषयभित्र पर्दछ।

जनताले प्रधानमन्त्री केपी ओली र उनका दललाई दुई तिहाइ बहुमतसहित चुन्नु भनेको सत्तामा पुगेपछि दललाई केही अप्ठ्यारो पर्नासाथ कार्यकर्ताहरूलाई अरिङ्गाल बनेर जाइलाग्ने किसिमको अभिव्यक्ति प्रवाह गर्न होइन। उनी र उनको दललाई जस्तोसुकै प्रतिकूल परिस्थिति आइपरे तापनि अबचाँहि माहुरी भएर जनतालाई मह प्रदान गर्नेछन् भन्ने आशयले सत्तामा पुऱ्याएका हुन्, न कि द्वन्द्व निम्त्याउने अभिव्यक्ति प्रदान गर्न ? माहुरीको गुण सदैव मह पार्नु नै हो। मह मानवजीवनको लागि अति लाभदायक वस्तुभित्र पर्दछ। माहुरीबाट प्राप्त हुने महलाई थुप्रै रोग-प्रतिरोधात्मक औषधि मानिन्छ। मानव जातिले अति गरेको अवस्थामा माहुरीले पनि कहिलेकाहीँ चिल्नु स्वाभाविक मानिन्छ तर अरिङ्गालको जस्तो कडा विष हुँदैन माहुरीको टोकाइमा।

देशको प्रधानमन्त्रीको बोली र व्यवहार देशकै प्रधानमन्त्री अनुरूपको हुनु आवश्यक छ, न कि कुनै दलको नेताको। ओली प्रधानमन्त्री भएदेखि आजका अवस्थामासम्म आइपुग्दा कहिलेकाहीँ माहुरीरूपी भनाइ र भूमिकामा देखिन नखोजेका भने पटक्कै होइनन्। तथापि जजिकै रहेका सल्लाहकारले प्रवाह गर्ने सूचनालाई यथासम्भव केलाएर मात्र आत्मसात् गर्नुपर्ने ठाउँमा सीधै त्यस सूचनालाई सत्य मानी त्यही अनुसार व्यवहार र अभिव्यक्ति प्रदान गर्ने कार्य गर्दा निरन्तर उनको साखमा धक्का पुगिरहेको भन्ने कुरामा उनी स्वयम् पनि विश्वस्त हुन सकिरहेका छैनन्। निर्मला बलात्कार र हत्या प्रकरणकै विषयमा विद्युत्तीय सञ्चारमाध्यममा हत्या गरिएका निर्मलाको शव मेयरको घरमा लगेको आधारहीन अभिव्यक्ति प्रधानमन्त्रीको मुखबाट सार्वजनिक हुन पुगेको तथ्यले पनि आफूलाई प्राप्त सूचना गलत वा सही के हो भन्ने निर्क्योल गर्ने सवालमा पनि उनका सल्लाहकारहरू चुकेका देखिन्छन्।

प्रधानमन्त्री बनेपश्चात उनीबाट व्यक्त हुने अभिव्यक्ति शैलीले उनीप्रति आलोच्य हुनेको संख्या दिन-प्रतिदिन बढ्दै गइरहेको छ। देशकै खेलाडीकै विषयमा किन नहोस्, उनले त्यति बेला क्रिकेट खेलाडी सन्दीपको विषयमा अभिव्यक्त गरेका कुराले विशेष गरी क्रिकेटका पारखीहरूले त्यति रुचाएका थिएनन् जब कि विश्वकपको दौरान क्रोसियाका राष्ट्रपतिले आफ्नो फुटबल खेलाडीप्रति देखाएको सम्मानजनक मायाले विश्व तरंगित भएको थियो। त्यस उसले पनि राजनेतामा हुनुपर्ने गुणलाई हाम्रा देशका प्रधानमन्त्रीलगायत अन्य नेताहरूले पनि आत्मसात् गर्दा खासै केही बिग्रँदैन।

के कुरा पक्का हो भने, देशमा स्थानीय निर्वाचनदेखि केन्द्रीय निर्वाचनसम्मका नतिजाले हरेक निकायमा नेकपाका निर्वाचित प्रतिनिधिहरू नै बढी छन्। स्थानीय स्तरमा न्यायिक समिति भए पनि कतिपय स्थानीय निकायमा निर्वाचित प्रतिनिधिहरू नै न्यायिक मार्गबाट विचलित भई पुराना हैकमवादी सोचबाट परिचालित भैरहेका छन्। चाहे ती बोक्सी आरोप लागेकी महिलालाई वडा कार्यालयभित्रै कुटपिट हुने होस् वा बलात्कारजस्ता अपराधहरूसमेतमा पीडक र पीडकका परिवारहरूलाई बाध्य पारी मिलापत्र गराउने सवालमा होस् अथवा अन्य कुनै जटिल न्यायिक मामिलामा नै किन नहोस्, वडास्तरीय निकायबाट गैरकानुनी हस्तक्षेप बारम्बार भैरहेका समाचार सार्वजनिक भैरहेका छन्। त्यसमा अझै सुधार आउन सकिरहेको छैन। हालै मात्र एक वडाध्यक्षले शिक्षकलाई भकुरेको समाचार सार्वजनिक भयो। समाचारअनुसार भकुर्नुपर्नाको कारण त्यति ठूलो पनि थिएन। मात्र ती शिक्षकले वडाध्यक्षलाई नमस्कार गरेनन्, कारण त्यत्ति हो। मानवजीवनमा जन्म र मरण भनेजस्तै प्राय: हरेक पक्षका दुई विधा हुन्छन्। त्यस्तै नमस्कारका पनि दुई विधा नै छन्। जसलाई जोप्रति श्रद्धा छ, उसले त्यसलाई नमस्कार गर्छ। जसको प्रति श्रद्धा छैन, उसले नमस्कार गर्दैन। कसैले कसैलाई नमस्कार गरेन भन्दैमा जनप्रतिनिधिबाटै शिक्षकले कुटाइ खानुपर्ने भनेको यो कस्तो न्याय हो भन्ने प्रश्नलाई सरकारले उचित जवाफ दिनै पर्छ।

यहाँ यो विषय जोड्नु भनेको कारण के हो भने, देशको प्रधानमन्त्रीले आफ्ना कार्यकर्ताहरूलाई अरिङ्गालको रूपमा प्रस्तुत हुनु भनी निर्देशन दिनुपूर्व नै सम्बन्धित दलका स्थानीय प्रतिनिधिहरूले बेलाबेलामा स्थानीय स्तरमा विभिन्न हंगामाहरू मच्चाउँदै आइरहेका छन्। यस्ता हंगामाहरूलाई बेलैमा रोक्ने र पुन: पटक-पटक दोहोरिन गएमा प्रचलित कानुनअनुसार कार्यवाही गरी कठघरामा उभ्याइनुपर्ने दायित्व वोकेको सरकार प्रमुखले उल्टै सार्वजनिकरूपमा कार्यकर्ताहरूलाई अरिङ्गालको रूपमा प्रस्तुत हुनु भनेपछि स्थानीय नेतृत्वहरू जो सक्षम हुन् र खारिन बाँकी नै छन् तिनीहरूले बुझ्ने भाषा के हुनसक्छ ? थुप्रै सर्वसाधारण जनता यो मानेमा त्रस्त बनेका छन्। यो आलेख तयार पारेर पठाउनै लागेको बेलामा प्रधानमन्त्रीले फेरि आफ्ना कार्यकर्ता र नेताहरूलाई मौरीझैँ मेहनती बन्न निर्देशन दिएका छन्। सहाना प्रधानको चौथो स्मृतिसभालाई पार्टी केंद्रीय कार्यालयमा सम्बोधन गर्दै यो कुरा अभिव्यक्त गरेका हुन्। सम्भवत: यो पछिल्लो अभिव्यक्तिले पहिला अरिङ्गाल बन्न दिएको अभिव्यक्तिप्रति सुधार गर्ने प्रयत्नमा आएको अभिव्यक्ति हो कि भन्ने लाभको मौकाचाहिँ लिन र दिनचाहिँ मिल्छ तर अरिङ्गाल बन्न आएको पहिलाको अभिव्यक्तिप्रति दु:ख मनाउ नगरेका कारण दुवै अभिव्यक्ति ठीक छन् भन्ने आशंकालाई पनि सँगसँगै कायम राखेको छ।

जनमत भन्छ- सरकारलाई अरिङ्गाल बन्न पनि छेकबार छैन र माहुरी बन्न पनि छेकबार छैन, अवस्थाअनुसार दुवै बन्न जनताले निर्वाचित गरेकै हुन्। यदि सरकार अरिङ्गाल बनेर खनिने नै हो भने भष्ट्राचारविरुद्ध अरिङ्गाल बनेर देखाऊ। देशमा भैरहेको बेथितिविरुद्ध अरिङ्गाल बनेर देखाऊ। बलात्कार गरी हत्या गर्ने अपराधीहरूविरुद्ध अरिङ्गाल बनेर देखाऊ। अराजकविरुद्ध अरिङ्गाल बनेर देखाऊ भन्दै अरिङ्गाल बन्न छुट पनि प्रदान गरेका छन्। सेवाको पहुँचसम्म पनि नपुगेका जनतालाई अरिङ्गालको डर नदेखाऊ, बरु तिनीहरूसमक्ष माहुरीको रूपमा प्रस्तुत होऊ भन्ने सन्देश पनि दिएका छन्। अब प्रधानमन्त्रीको यी दुई अभिव्यक्तिलाई तिनका नेता र कार्यकर्ताहरूले कुन-कुन विधा र विषयमा अरिङ्गाल र माहुरी बनेर देखाउने हुन्, जनमत प्रतीक्षा गरेर बसेको छ। आगे सरकारको मर्जी।

*(लेखक मैनाली अधिवक्ता हुनुहुन्छ।)*

## पाठक पत्र

# बैंकको सुन अपचलन



रबिन शाक्य
केन्द्रीय सदस्य
नेपाल सुनचाँदी व्यवसायी महासंघ

अघिल्ला केही वर्षहरूमा हाम्रो जस्तो गरिब मुलुकमा अत्यधिक परिणाममा सुनको आयात भयो। व्यापार तथा निकासी प्रवर्द्धन केन्[illegible]कै तथ्यांकलाई आधार मान्दा सन् २०१० मा १६ हजार १ सय ६६ किलो अर्थात् ४१ अर्ब ९१ करोड ३६ लाख रुपियाँको हाराहारीमा सुन आयात भएको देखिन्छ।

तत्कालीन सरकारले यति धेरै परिणाममा सुन आयात भइरहँदा नेपालको अर्थतन्त्रले थेग्न नसक्ने निष्कर्ष निकाल्यो। हुन पनि त्यतिखेर देशको शोधनान्तर घाटा वृद्धि भइरहेको अवस्था थियो। अत्यधिक आयात भइरहेकाले सुनको आयातमा कोटा प्रणाली लागू नगर्दा नेपालजस्तो न्यून आय भएको मुलुकले विलासिताको वस्तु मानिने सुनको अनियन्त्रित आयातलाई थेग्न नसक्ने आधारमा नेपाल राष्ट्र बैंकले 'सुन आयात तथा बिक्री वितरणसम्बन्धी कार्यविधि २०६८' जारी गरेको हो। त्यतिखेर मुलुकमा पेट्रोलियम पदार्थपछिको दोस्रो धेरै आयात हुने वस्तुमा सुन थियो।

केही समय सुनको अयातमा कमी देखिएजस्तो भए पनि सन् २०१५, २०१६ र २०१७ मा क्रमश: ४,३१९ केजी, ३,९७५ केजी र ६,४०० केजी सुन आयात भएको केन्द्रको तथ्यांकले देखाउँछ। हाल मुलुकको कुल गार्हस्थ्य उत्पादन ३० खर्ब रुपियाँ हाराहारीमा रहेको अवस्थालाई आधार मान्ने हो भने पनि पछिल्ला वर्षहरूमा समेत सुनको आयात धेरै नै बढी जस्तो देखिन आउँछ।

एउटा दृष्टान्त, आर्थिक वर्ष २०७१/७२ मा नेपालका वाणिज्य बैंकहरूमा ४ सय किलो सुन मौज्दात (स्टक) बसेको थियो। जसको कारण बैंकको पूँजीमा सकस उत्पन्न भई सुन व्यापारीहरूले आयातीत सुन किनेनन् भनेर ती बैंकहरूले वाणिज्य मन्त्रालयलाई गुहारेपछि सो सुन सल्टियो। त्यस आर्थिक वर्षमा ६ अर्ब ३८ करोड रुपियाँको सुन मात्र आयात भएको देखिन्छ।

यतिखेर चाडबाडको मौसम शुरू भइसकेको छ। सुन किन्ने मौसम नै भने पनि हुन्छ यस बेलालाई। तर, बजारमा सुनको हाहाकार छ। साढे ३३ किलो सुनकाण्डपछि नेपाल सरकारको कडाइले गर्दा बजारमा सुन तस्करी बिलाएको अवस्था देखिन्छ। तर, पनि तीजको मौका छोपी सुनको निर्धारित भाउभन्दा प्रतितोला (११.६६४ ग्राम) मा ३ हजार रुपियाँसम्म बढी मूल्य लिइरहेको पाइन्छ। एक तोलामै त्यति धेरै मूल्य थप तिरेमा सुन सहजै पाइन्छ भने त्यो सुन कसरी बजारमा आयो। यससम्बन्धमा सरोकारवालाहरूले गम्भीर भएर सोच्नुपर्ने बेला आएको छ।

माथि उल्लिखित तथ्यांकलाई केलाउँदा र सुनको कार्यविधि २०६८ को अनुसूची-२ ले नेपाल सरकारलाई अनिवार्य बुझाउनुपर्ने तथ्यांक हुबहु र इमानदारीका साथ प्रस्तुत गरेको खण्डमा मागअनुसार सुन अपुग र अपचलन हुने देखिँदैन। व्यापारीले अनिवार्यरूपमा नेपाल सरकारलाई बुझाउनुपर्ने विवरणमा अनुगमन गर्ने निकायले कडाइ गर्नमा चुकेको देखिन्छ।

कार्यविधिले नेपाल सुनचाँदी व्यवसायी महासंघले सिफारिस गरेको पसल, व्यक्तिगत फर्म, एसोसिएट फर्मलाई मात्र वाणिज्य बैंकहरूबाट सुन किन्न पाउने प्रणालीको विकास गरेको छ। यति हुँदाहुँदै बैंकबाटै बजारमा आएको सुनमा समेत अपचलन भइरहेको छ। यसको प्रस्ट उदाहरणका रूपमा महासंघबाट सिफारिस हुँदा एउटै घरपरिवारबाट कागजीरूपमा मात्र खडा भएका विभिन्न फर्म र व्यवसायीले सिफारिस लैजाने र बैंकबाट सुन हत्याउनुका साथै अपचलनसमेत गर्दै आएको देखिन्छ। यो कुरालाई संघ र महासंघको प्रमुख पदमा आसीन व्यक्तिहरूले मनन गर्न जरुरी भइसकेको छ।


हाल भइरहेको सुनको अपचलन रोक्नका लागि कार्यविधिको अनुसूची-२ अनुसारको विवरण अद्यावधिक गर्नमा कडाइ गर्ने र सरकारलाई अनिवार्यरूपमा नबुझाईकन बैंकबाट पुन: सुन किन्न नपाइने व्यवस्था गर्ने हो भने पनि केही हदसम्म अपचलनमा कमी आउनेछ। यस्तै, सुन चाँदी खरिदमा महासंघले निर्धारण गरेको ग्राहक पहिचान परिचय (केवाईसी) लाई सुन तथा गहना बिक्री गर्दा अनिवार्यरूपमा लागू गर्न सकेको खण्डमा बजारमा सुनको अभाव हट्ने मात्रै नभई अपचलन पनि रोकिने देखिन्छ।

यसका लागि नागरिकता प्रमाणपत्र या राहदानीलाई प्रयोगमा ल्याउन सकिन्छ। यस कार्यबाट सुनचाँदी व्यवसायीको दायित्व पनि पालना भएको देखिन्छ। किनभने सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण ऐन, २०६४ मा पेसागत व्यवसायीले आफ्नो पेसागत कामको सिलसिलामा कुनै शंकास्पद कारोबार भएको थाहा पाएमा निजले सोको जानकारी वित्तीय जानकारी इकाइलाई तुरुन्त दिनुपर्ने उल्लेख हुँदा सुन खरिदमा ग्राहक पहिचान नगर्दा सम्पत्ति शुद्धीकरण हुने सम्भावना बढ्दो छ।

उता, सुन र चाँदी विलासिताको वस्तु भएको हुँदा ती वस्तुहरूको आयातमा सरकारले अंकुश लगाउनु स्वाभाविकै हो। हाल देशको शोधनान्तर घाटा वृद्धि भएको अवस्थामा सुन र चाँदीको अपचलन रोक्न सकिन्छ। त्यसका लागि सरकारले सुन र चाँदीको गरगहनामा मूल्य अभिवृद्धिकर (भ्याट) लगाउनु अत्यावश्यक भएको छ। छिमेकी देश भारतमा सुन र चाँदीको गरगहनामा भ्याटको राम्ररी कार्यान्वयन भइरहेको छ। उनीहरूले सुन र चाँदीको गरगहनामा फरक भ्याट लिएका छन्। त्यस गर्नुको प्रमुख उद्देश्य बढी राजस्व संकलन गर्नुभन्दा पनि सुन र चाँदीको क्रेताहरूको तथ्यांक संकलन गर्नमा सहज बनाउने हो। नेपालको सन्दर्भमा पनि सुन र चाँदीको गरगहनामा न्यून दरमा भ्याट लगाउँदा थप राजस्व संकलन हुनुका साथै सुन र चाँदीको अपचलन हुनबाट रोक्ने अचूक उपाय साबित हुन पुग्नेछ।

अत: सुनको गरगहनामा भ्याट लागू गरेर वर्तमान कोटा प्रणाली हटाई सुनको गरगहनाको उत्पादन तथा बिक्री कार्यलाई खुल्ला छोड्नुपर्छ। यसबाट व्यावसायिक हक-अधिकार प्राप्त हुनेछ भने त्यसको परिणामस्वरूप तयारी गरगहना विदेशमा निर्यात गर्ने अवसर पनि आउनेछ।

## सामाजिक सञ्जाल




दुनियाँकै सबैभन्दा कमजोर मान्छे त्यो हो, जसले आफ्नी श्रीमतीलाई पीडा दिएर आफूलाई बहादुर सम्झिन्छ।

**Suman Ghimire**
**@Soomanghimire**




३३ किलो सुनकाण्डमा ठूला माछा पक्राउ पर्छन् भनेर आश गऱ्यौं तर ठूला माछाको त परैको कुरा पक्राउ परेका सम्पूर्ण प्रहरी अधिकारीहरु साधारण तारेख र धरौटीमा रिहा भैसके। अब जेलमा 'गोरे' र उनका केही सहयोगी मात्र छन्। निर्मला हत्याकाण्ड पनि यस्तै हुन्छ। दोषी पक्राउ पर्छ भन्दाभन्दै सेलाएर जान्छ।

**Nirmal Bhandari**
**@Bhandarinirmal5**



# प्रदेश-३



अध्यक्ष प्रचण्डले झन्डै १२ सय मेगावाटको जलाशययुक्त बुढीगण्डकी जलविद्युत् परियोजना चिनियाँ कम्पनी गेजुवालाई दिने सरकारको निर्णयका बारेमा प्रचण्डले मुख खोलेका छन्। उनले आफू प्रधानमन्त्री भएको बेलामा गरेको निर्णयमा नै अहिलेको सरकार आइपुगेको टिप्पणी गरे।

## कम्युनिस्ट सरकारले परिणाम नदेखाए सकिन्छौं : प्रचण्ड

नेपाल समाचारपत्र

चितवन

नेपाल कम्युनिस्ट पार्टीका अध्यक्ष एवं पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले कम्युनिस्ट पार्टीको दुई तिहाइ बहुमतको सरकारले काममा परिणाम नदेखाए सकिने खतरा रहेको बताएका छन्। जिल्ला समन्वय समिति चितवनको दोस्रो जिल्ला सभाको उद्घाटन सत्रलाई सोमबार सम्बोधन गर्दै अध्यक्ष प्रचण्डले स्थानीय तहदेखि केन्द्रसम्म नै जनताको अपार समर्थनसहितको सरकार रहेको बेलामा पनि काम गर्न नसकिए सकिने खतरा रहने टिप्पणी गरे। उनले भने- 'विकास निर्माण र रचनात्मक काममा प्रतिपक्षले पनि सहयोग गर्छु भनेको छ, तलदेखि माथिसम्म नै हाम्रो सरकार छ, यतिबेला गर्न नसके दोष कसलाई दिने ?'



जनताले दिएको विश्वासअनुसार सबैले जिम्मेवारीपूर्वक काम गर्नुपर्ने अध्यक्ष प्रचण्डको भनाइ छ। 'हामीले काम गर्न सकेनौं भने जनताले हामीलाई पत्याइरहन पर्दछ भन्ने आवश्यकता छैन, जनताले विकल्प खोज्छन्', अध्यक्ष प्रचण्डले अगाडि थपे- 'यो त कम्युनिस्ट पार्टीका लागि निकै दुर्भाग्यको विषय हुन्छ।' हरेक स्थानीय तहले प्राथमिकता निर्धारण गरेर हरेक वर्ष गर्ने कामको योजना बनाउने र जनतालाई यथार्थ विषयका बारेमा जानकारी दिन सक्नुपर्ने उनको भनाइ छ।

फरक प्रसङ्गमा कुरा गर्दै नेकपाका अध्यक्ष प्रचण्डले चीन, भारत र नेपाल मिलेर जोइन्ट भेन्चरमा ठूला परियोजना निर्माणका लागि अहिलेको समयानुकूल भएको बताए। 'हामीले १२/१५ हजार मेगावाटका ठूला विद्युत् परियोजना निर्माण गरी अन्तरदेशीय सम्बन्धलाई मजबुत बनाउन सक्छौं, अब हाम्रो ध्यान यता जान जरुरी छ', अध्यक्ष प्रचण्डले भने- 'अब काममा एक्सनमा जाने बेला भएको छ।'

त्यसैगरी अध्यक्ष प्रचण्डले झन्डै १२ सय मेगावाटको जलाशययुक्त बुढीगण्डकी जलविद्युत् परियोजना चिनियाँ कम्पनी गेजुवालाई दिने सरकारको निर्णयका बारेमा प्रचण्डले मुख खोलेका छन्। उनले आफू प्रधानमन्त्री भएको बेलामा गरेको निर्णयमा नै अहिलेको सरकार आइपुगेको टिप्पणी गरे। 'एउटाले बनाउन दिने निर्णय गर्ने, अर्कोले भत्काउने, फेरि अर्कोले दिने यस्तै काम भएको छ', अध्यक्ष प्रचण्ड भने- 'मैले जहाँ लगेर प्रक्रिया टुंग्याएको थिएँ, अहिले सरकार त्यहीं आइपुग्यो।'

## 'राजधानीका लागि काभ्रे उपयुक्त'

मोतीराम तिमल्सिना, काभ्रे

प्रदेश नम्बर ३ का भौतिक तथा पूर्वाधारमन्त्री केशव स्थापितले प्रदेशको राजधानी तत्काल तोक्न आग्रह गरेका छन्। 'राजधानी नतोक्दा न विकास निर्माण भयो, न राजधानीका लागि मकवानपुर पायक बन्यो' -मन्त्री स्थापितले भने।

प्रदेश सरकारले काभ्रेपलाञ्चोक जिल्लाको बनेपा नगरपालिकामा पर्यटन प्रबर्द्धन गर्ने उद्देश्यले अन्तर्राष्ट्रियस्तरको पार्कसहितको संरचना निर्माण गर्ने उद्देश्यले सम्भाव्यता अध्ययनका लागि २ करोड रकम विनियोजन गरेको छ। उक्त बजेट कार्यान्वयन र उद्देश्यका बारेमा जानकारी दिँदै मन्त्री स्थापितले तत्काल राजधानी तोकी काम गर्ने वातावरण बनाउनुपर्नेमा जोड दिए। 'न कर्मचारी बस्ने स्थान छ, बसेका कर्मचारी होटलमै खाने र सुत्ने गर्दा तलब सबै सकिएको छ, सांसदसमेत बैठक सकिएलगत्तै दौडिनुपर्ने बाध्यता छ, हेटौंडामा न केही काम छ, न केही गर्न सकिन्छ', मन्त्री स्थापितले भने- 'राजधानी र अन्य उपयुक्त विकासका लागि काभ्रेपलाञ्चोक जिल्ला उपयुक्त हुन्छ।' जिल्लाको व्यापारिक केन्द्रसमेत रहेको बनेपालाई राजधानीको केन्द्र र व्यापारिक हबसँगै विकासको हबमार्फत आर्थिक इन्जिन बनाउनुपर्नेमा स्थापितले जोड दिए।

जिल्ला समन्वय समिति काभ्रेका प्रमुख उद्धव केसीको अध्यक्षतामा सम्पन्न छलफल कार्यक्रममा बोल्दै मन्त्री स्थापितले बनेपा र आसपासको क्षेत्रलाई क्रिकेट स्टेडियम, स्वास्थ्य बाटिका, एकीकृत बस्ती, विश्व अध्ययन केन्द्र, नाट्य घर निर्माण, हिलेजलजलेमा ताल निर्माण गरी खानेपानी र सिँचाइको व्यवस्थापन, लायकु दरवारको पुनर्निर्माणपछि पर्यटकले हेर्ने आकर्षक स्थान बनाउन प्रदेश सरकारले आवश्यक रकम उपलब्ध गराउने बताए।

बनेपा नगरपालिका-१२ मा रहेको वासुकी थुम्कीलाई पर्यापर्यटन केन्द्रका रूपमा विकास गर्न कुन-कुन विकासको मोडल अपनाउँदा सम्भव छ ? कसरी व्यक्तिले उक्त क्षेत्रमा आएर खर्च गर्न सक्ने अवस्था बन्न सक्छ ? भनेर सम्भाव्यता अध्ययनका लागि २ करोड रकम विनियोजन भएको र अन्य शीषर्कबाट समेत उक्त क्षेत्रका लागि ३० लाख रकम विनियोजन भएको प्रदेश सांसद वसुन्धरा हुमागाईंले बताइन्।

विश्वको अध्ययन केन्द्र बनाउन नाट्य घर, फिल्म तथा नाटक लेखन र चिन्तन गर्ने एकान्त र आनन्दको स्थान बनाउन काभ्रेपलाञ्चोक जिल्लालाई राजधानी बनाउनुपर्नेमा आफ्नोसमेत मत रहेको मन्त्री स्थापितले बताए। ६ वर्षदेखि काभ्रेपलाञ्चोक जिल्लाका विभिन्न स्थानमा अध्ययन गरी वासुकी स्थानलाई उपयुक्त स्थान ठानेर रकम विनियोजन गरेको उनले बताए।

प्रदेश सांसद वसुन्धरा हुमागाईं, जिल्ला समन्वय समिति प्रमुख उद्धव केसी, प्रमुख जिल्ला अधिकारी कृष्णबहादुर राउत, बनेपा नगरपालिका प्रमुख लक्ष्मीनरसिं बादे, उपप्रमुख रेखा सापकोटा दाहाल, प्रमुख प्रशासकीय अधिकृत भोजराज घिमिरेलगायतले बनेपा नगरको विकासमा प्रदेश सरकारको समन्वय र सहकार्यमा प्रतिबद्ध रहेको बताए।

सम्भाव्यता अध्ययनका लागि भौतिक तथा पूर्वाधार मन्त्रालयका सचिव सिनियर डिभिजन इन्जिनियर शरद मानन्धर, इन्जिनियर घनश्याम श्रेष्ठ र कल्पनादेवी शाक्य सहभागी भएका थिए। केही वर्षभित्रै उक्त स्थानमा विश्वस्तरको संरचना निर्माण गरिसक्ने मन्त्री स्थापितले बताए।

## विद्यालयमा पुग्दै प्रहरी

नेपाल समाचारपत्र

हेटौंडा

३ नम्बर प्रदेश प्रहरी कार्यालय हेटौंडाले मनहरी गाउँपालिका-४, मसिनेस्थित पशुपतिनाथ माविमा स्कुलमा प्रहरी कार्यक्रम सञ्चालन गरेको छ। लागूऔषध सेवन तथा ओसारपसार र यौनजन्य अपराधका घटना दिनप्रतिदिन बढिरहेको सन्दर्भमा यस्ता घटना नियन्त्रण र न्यूनीकरणका लागि जनचेतनामूलक कार्यक्रम विद्यालय तहमा सञ्चालन गरिएको प्रहरीले जनाएको छ। भदौ २५ गतेदेखि स्कुल-स्कुलमा प्रहरी कार्यक्रम शुरू गरिएको थियो।

प्राय: यस्ता घटना आफन्त, नातेदार, छरछिमेक, अभिभावक एवं प्रत्यक्ष अप्रत्यक्षरूपमा चिनजान भएका व्यक्तिबाट हुने गरेको र त्यस्ता घटनामा बालबालिका नै पीडित हुने गरेको देखिएकाले स्कुलमा प्रहरी कार्यक्रममार्फत जनचेतना जागृत गराउने प्रयास गरिएको प्रदेश प्रहरी कार्यालय हेटौंडाका प्रहरी नायब उपरीक्षक रामेश्र कार्कीले बताउनुभयो। नेपालमा लागूऔषधको सेवन तथा ओसारपसारको अवस्थाबारे प्रनाउ कार्कीले सहजीकरण गर्नुभएको थियो।

स्कुलमा कक्षा १ देखि १२ सम्मका विद्यार्थीलाई यौनजन्य अपराध, यस्ता अपराधबाट को-को व्यक्ति कसरी पीडित हुन सक्छन्, कुन अवस्थामा यस्तो घटना हुनसक्छ भन्ने विषयमा जानकारी गराउने उद्देश्य रहेको प्रनाउ कार्कीले बताउनुभयो। त्यस्ता कसुर गर्नेलाई के कस्तो सजाय हुन्छ, घरमा एक्लै बस्दा र विद्यालय आउँदा/जाँदा अपनाउनुपर्ने सुरक्षाको उपाय के-के हुन्, पीडितलाई कानुनी उपचारमा सहयोग गर्न शिक्षक, आफन्त, नातेदार, साथीभाइ, प्रहरीको भूमिका के कस्तो हुन्छ, प्रहरीले यस्ता अपराध अनुसन्धानमा गरेका विवरण तथा तथ्यांक, यौनजन्य अपराध रोकथाम नियन्त्रण र अनुसन्धानमा प्रहरी भूमिकालगायत विषयमा जानकारी गराउने कार्यक्रमको लक्ष्य रहेको बताइएको छ।

कार्यालयले आफ्ना मातहत १० वटै जिल्लालाई आफ्नो इलाकामा रहेका विद्यालयमा स्थानीय तहलगायत अन्य सामाजिक संघसंस्थासँगको समन्वयमा यौनजन्य अपराधका घटना नियन्त्रण र न्यूनीकरणका लागि स्कुलमा प्रहरी कार्यक्रम सञ्चालन गर्न निर्देशन दिइएको प्रनाउ कार्कीले जानकारी दिनुभयो।

कार्यक्रममा जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रवक्ता प्रहरी नायब उपरीक्षक नरेशकुमार सिंहले यौनजन्य अपराध र दुर्व्यवहारका सम्बन्धमा सहजीकरण गर्नुभएको थियो। ट्राफिक प्रहरी काशी थापाले बालबालिकालाई यातायातका साधनमा अपनाउनुपर्ने सावधानी, सडक पार गर्दा अपनाउनुपर्ने सावधानी, ट्राफिक नियमबारे सहजीकरण गर्नुभएको थियो।

कार्यक्रममा प्रदेश प्रहरी कार्यालयका प्रहरी निरीक्षक रोशन थापा, पशुपतिनाथ मावि व्यवस्थापन समिति अध्यक्ष माधव गौतम, मनहरि-४ की वडासदस्य गोमा गौतम र विद्यालयका प्रधानाध्यापक भानुभक्त आचार्यलगायतको सहभागिता थियो।

## लाखौं मूल्यबराबरको जग्गा दान

नुवाकोट, (नेस)

नुवाकोटको तारकेश्वर गाउँपालिका वडा नम्बर ५ गोर्स्याङमा रहेको गोर्स्याङ स्वास्थ्य चौकीलाई स्थानीयवासीले लाखौं मूल्यबराबरको जग्गा दान गरेका छन्।

स्वास्थ्य चौकीको नयाँ भवन निर्माणका लागि तारकेश्वर गाउँपालिका वडा नम्बर ५ गोर्स्याङका दलबहादुर लामा र ललितमान लामाले दुई/दुई रोपनी जग्गा दान गर्नुभएको हो। जग्गा दाताद्वयले मंगलबार मालपोत कार्यालयमा आएर स्वास्थ्य चौकीको नाममा ४ रोपनी जग्गा दर्ता गरिदिएको स्वास्थ्य चौकीका प्रमुख प्रेम रोकायले बताए। उक्त जग्गाको स्थानीय मूल्यांकनअनुसार २० लाख रुपियाँ पर्ने बताइएको छ।

अहिले स्वास्थ्य चौकी भएको स्थानमा नयाँ भवन निर्माणका लागि जग्गा अभाव भएपछि स्वास्थ्य चौकीनजिकैका जग्गाधनीले जग्गा दान गरेपछि भवन निर्माणको लागि सहज हुने स्वास्थ्य चौकी व्यवस्थापन समितिका अध्यक्ष तथा वडाध्यक्ष चूडामणिप्रसाद गजुरेलले बताए। प्रदेश सरकारको सामाजिक विकास मन्त्रालयबाट उक्त स्वास्थ्य चौकीको भवन निर्माणका लागि २ करोड रुपियाँ बजेट विनियोजन भएको छ।

## जनस्वास्थ्यको सेवा शुरू

नुवाकोट, (नेस)

स्वास्थ्य सेवालाई नागरिकमा सहजरूपमा उपलब्ध गराउने उद्देश्यका साथ बेलकोटगढी नगरपालिका वडा नम्बर ७ रातमाटेमा महादेवफाट जनस्वास्थ्य सेवा प्रालि शुरू भएको छ।

गत शुक्रबार एक कार्यक्रमबीच प्रदेश सांसद केशव पाण्डेले अस्पताल उद्घाटन गर्नुभएको हो। कार्यक्रममा प्रदेश सांसद पाण्डेले अस्पताल स्थापनाले बेलकोटगढी नगरपालिका र तार्केश्वर गाउँपालिकाका नागरिकलाई प्रत्यक्ष टेवा पुग्ने भएकाले गुणस्तरीय सेवा प्रदान गर्न आग्रह गर्नुभयो। सांसद पाण्डेले मानव जीवनका लागि स्वास्थ्य महत्त्वपूर्ण रहेको भन्दै अस्पताललाई सुविधासम्पन्न र व्यवस्थित बनाउन प्रदेशसभाबाट पनि सहयोग गर्ने प्रतिबद्धता जनाउनुभयो। सो कार्यक्रममा प्रदेश नम्बर ३ कै अर्का सांसद हीरानाथ खतिवडाले स्थानीयलाई छिटो, छरितो सेवा दिन स्थापना भएको अस्पतालको सेवाबाट कोही पनि वञ्चित हुनु नपर्ने विश्वास व्यक्त गर्नुभयो।

कार्यक्रममा बेलकोटगढी नगरपालिकाका प्रमुख राजेन्द्ररमण खनालले सामान्य बिरामी हुँदासमेत सदरमुकाम विदुर र राजधानी जानुपर्ने बाध्यता अन्त्य भएको बताउनुभयो। प्रमुख खनालले अस्पतालबाट बिरामीलाई सरल र सुलभरूपमा स्वास्थ्य सेवा लिन पाउने व्यवस्था मिलाउन नगरपालिकाबाट समेत सहयोग हुने प्रतिबद्धता व्यक्त गर्नुभयो। स्थानीय ५० जनाको लगानीमा सञ्चालनमा आएको जनस्वास्थ्य सेवा प्रालिको उद्घाटन कार्यक्रममा संस्थाका अध्यक्ष गेहेन्द्रबहादुर न्यौपानेले उपचार गराउन आएका बिरामीलाई छिटो, सरल तथा गुणस्तर सेवा दिन अस्पताल प्रतिबद्ध रहेको बताउनुभयो।

## पहिरोपीडितलाई राहत वितरण

रसुवा, (नेस)

रसुवाको उत्तरगया गाउँपालिका वडा नम्बर १ सल्लेटारका पहिरोपीडितलाई राहत वितरण गरिएको छ।

केहीदिन अघि सुख्खा पहिरो गएपछि विस्थापित भएका ७ परिवारलाई गाउँपालिकाले राहत सहयोग गरेको हो। पहिरोले घरमा क्षति गर्नुका साथै जोखिम बढेपछि सातै परिवारलाई सल्लेटारको विद्यालयमा राखिएको गाउँपालिकाका सूचना अधिकारी उत्सव पौडेलले बताए। पहिरोपीडितलाई गाउँपालिकाले जस्तापाता र खाद्यान्न सहयोग गरेको हो। हस्तबहादुर तामाङ, डल्ले तामाङ, रत्नबहादुर तामाङ, वीरबहादुर तामाङ, कान्छा तामाङ, भीमबहादुर तामाङ र गोपाल तामाङको परिवार पहिरोको कारण विस्थापित बन्न पुगेको हो। पीडितलाई गाउँपालिकाका अध्यक्ष उपेन्द्र लम्सालले राहत सामग्री हस्तान्तरण गरेका हुन्।

बाढी र पहिरो दुवैको जोखिमको सूचीमा रहेको यो गाउँपालिकामा वर्षेनी धनजनको क्षति हुने गरेको छ। लहरेपौवा, डाडाँगाउँ, ठूलोगाउँ र हाकुको केही क्षेत्र समेटर यो गाउँपालिका बनेको छ। यो गाउँपालिकामा पर्ने हाकुको तिरु र गोगने, डाँडागाउँ र ठूलोगाउँका केही बस्ती भूकम्पपछि पहिरोको कारण विस्थापित भएका थिए। विस्थापित भएका अहिले पनि असुरक्षित स्थानमा नै बस्दै आएका छन्। हाकुबाट विस्थापित भएका पीडित असुरक्षित मानिएको खाल्डेमा बसिरहेका छन्। त्यहाँ २ सयभन्दा बढी विस्थापित बसिरहेको गाउँपालिकाले जनाएको छ।

## पार्टीका तल्ला कमिटीको गठन छिट्टै

दोलखा, (नेस)

नेपाल कम्युनिस्ट पार्टी नेकपाका केन्द्रीय सदस्य एवं प्रदेश ३ का सचिव आनन्दप्रसाद पोखरेलले पार्टीको तल्ला कमिटीको गठन प्रक्रिया अगाडि बढाउन आफूले आफ्नो ठाँउबाट प्रयत्न गर्ने बताउनुभएको छ।

मदन भण्डारी फाउन्डेसन एकाइ दोलखाको प्रथम जिल्ला अधिवेशनको उद्घाटन कार्यक्रममा पार्टीको ३ नम्बर प्रदेश सचिव पोखरेलले सामाजिक संघसंस्था तथा पार्टीका भ्रातृ संगठनले पारदर्शी ढंगले सामाजिक अभियानलाई अगाडि बढाउनुपर्ने बताउनुभयो। वक्ताले पार्टी निर्माणमा मदन भण्डारीको योगदानको चर्चा गरेका थिए।

## सिफारिस सहायकको भरमा

हेटौंडा, (नेस)

गाउँपालिकाको वडा कार्यालयमा सचिवको अनिवार्य उपस्थिति भए पनि मकवानपुरका गाउँपालिकामा सचिवको सट्टा कार्यालय सहायकले सिफारिस गरिरहेका छन्। बकैया गाउँपालिकाको कामकाजमा सचिव अभावका कारण अस्थायी कर्मचारीले वडा कार्यालय चलाउँदै आएका छन्। सचिव नहुँदा सेवाग्राहीलाई भन्ने बेलामा सेवा दिन नसकेको वडा-९ का कार्यालय सहायक पदम घलानले बताउनुभयो।

'वडा सचिव नभएका कारण सिफारिस लेख्नेदेखि सबै काम मैले नै गर्नुपर्दा समस्या खेप्नु परिरहेको छ', उहाँले भन्नुभयो- 'सेवाग्राहीलाई भन्ने बेलामा सेवा दिन गाह्रो भइरहेको छ।'

गाउँपालिकाका १२ वडामध्ये १, २, ८, ९ र १० वडाको जिम्मा अस्थायी कर्मचारीले लिएर काम गरिरहेको कार्यालयले जनाएको छ। जनतालाई आफ्नै घर आँगनमा सेवा दिने उद्देश्यले गठन भएका स्थानीय तहले कर्मचारी अभावका कारण सेवाग्राहीले चाहेअनुसार सेवा दिन कठिनाइ छ। गाउँपालिकामा ७५ जनाको दरबन्दी छ, तर ५० जनामात्र कर्मचारी रहेको गाउँपालिका अध्यक्ष दामोदर खनालले बताउनुभयो।

गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत खेमराज सापकोटाले गाउँपालिकामा दरबन्दीअनुसार कर्मचारी नभएको बताउनुभयो। वडा सचिव नहुँदा गाउँपालिकाको प्रशासनिक काम तथा सेवाप्रवाहमा धेरै समस्या बेहोर्नुपरेको उहाँको भनाइ छ। 'आवश्यक संख्यामा कर्मचारी नहुँदा प्रभावकारीरूपमा सेवा दिन सकिरहेका छैनौं', उहाँले भन्नुभयो- 'जसका कारण सेवाग्राहीको गुनासो धेरै आएको छ।'

गाउँपालिका अध्यक्ष खनालले दरबन्दीअनुसार कर्मचारी नहुनु र वडामा सचिव नहुँदा समस्या खेपिरहनुपरेको बताउनुभयो। 'दरबन्दीअनुसार कर्मचारी उपलब्ध गराउन र वडा सचिव उपलब्ध गराउन संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पटक-पटक भनिरहेका छौं, तर कुनै प्रतिक्रिया आएको छैन', सापकोटाले भन्नुभयो- 'सधैंजसो हामी व्यवस्थापन गरिरहेका छौं भन्नेमात्र जवाफ दिइन्छ।' गाउँपालिका अध्यक्ष खनालका अनुसार १२ वटै वडामा ७ जनामात्र सचिवले काम गरिरहेका छन्। वडा सचिवको अभावमा जनताको काम प्रभावित नहोस् भन्ने उद्देश्यले कार्यालय सहायक नियुक्त गर्न बाध्य भएको अध्यक्ष खनालले बताउनुभयो।

## भूकम्पपीडितलाई तीन लाख सहुलियत ऋण

नेपाल समाचारपत्र

काभ्रे

राष्ट्रिय पुनर्निर्माण प्राधिकरणका कार्यकारी प्रमुख सुशील ज्ञवालीले भूकम्पपछिको पुनर्निर्माण र राहत अनुदानको जिम्मेवारी स्थानीय तहलाई दिएकाले भूकम्पपीडितको गुनासो सम्बोधन हुने बताएका छन्।

धुलिखेलमा निर्माणाधीन सञ्जीवनी नमुना माविका भवन अवलोकन गर्ने क्रममा कार्यकारी प्रमुख सुशील ज्ञवालीले सरकारले तोकेको र लिएको लक्ष्यभित्रै पुनर्निर्माणको कार्य सक्ने गरी स्थानीय सरकारलाई कार्ययोजना बनाउन निर्देशन दिइसकेको बताए। ९ करोड ९८ लाख लगानीमा निर्माण भइरहेको विद्यालयमा ४ वटा भवन र २ वटा शौचालय छन्।



प्रशासनिक भवन, विद्यालय भवन र छात्रावाससहितको भवनका लागि उक्त रकम खर्च हुने भएको हो। भूकम्प आपत्कालीन सहायता आयोजनाका नाममा शिक्षा मन्त्रालय, केन्द्रीय आयोजना कार्यान्वयन एकाइमार्फत २०७४ भाद्र १२ गते सम्झौता गरी १९ गते देखि कार्य प्रारम्भ गरेको उक्त विद्यालयको निर्माण कार्य मसिंर १९ मा सम्पन्न हुनेछ। सम्झौता अवधिअघि नै कार्य सम्पन्न गर्ने गरी कार्य भइरहेको निर्माण कम्पनीले कार्यकारी अधिकृत सुशील ज्ञवालीलाई जानकारी गराएको थियो।

वैदेशिक ऋण ८८ प्रतिशत र नेपाल सरकारको १२ प्रतिशत लगानीमा जिल्लामा यस्ता २ वटा विद्यालयमा भवन निर्माणको कार्य भइरहेको छ। कोशिपारीस्थित चौरी देउराली गाउँपालिकाको प्रभा माविमा पनि यस्तै भवन निर्माण भइरहेको छ। कार्यकारी अधिकृतले निर्माणसँगै गुणस्तरीय संरचनाका लागि परीक्षण गर्न ल्याव र जनशक्ति स्थापना गरिसकिएको बताए। उक्त जनशक्ति र ल्याबले विकासका अन्य क्षेत्रको पनि जाँच गर्न सकिने ज्ञवालीले बताए।

केन्द्रीय तहबाट हुँदै आएको गुनासो व्यवस्थापनको जिम्मेवारीसमेत स्थानीय तहमै पठाएपछि वास्तविक पीडितको माग सम्बोधन हुने उनले बताए। सरकारले सहुलियत ऋण थप ३ लाख उपलब्ध गराउने र निर्माण सम्पन्न गरिसकेका घरलाई एकमुष्ट स्थानीय सरकारको सिफारिसमा रकम उपलब्ध गराउने निर्णय गरेको उनले जानकारी दिए। स्थानीय तहबाट जिल्लामा समेत आउनुनपर्ने गरी इन्जिनियर गाउँमै खटाइएको र त्यही सम्बोधन गर्ने उनले बताए। त्यहाँ सम्बोधन हुन सकेर अन्याय भएको महसुस भएमा केन्द्रमा रहेको पुनरावेदन समितिमा निवेदन सकिनेछ। इन्जिनियरमार्फत पुन: सर्वेक्षणको कार्य प्रारम्भ भइसकेको उनले बताए।

नेपाल समाचारपत्र


www.newsofnepal.com

# विश्व

2018, SEP
Tuesday
25

### अकल्पनीय

१९ वर्षीय अल्दी नोवेल आदिलाङ सानो नौकामा माछा मार्दै। माछा मार्ने क्रममा आँधीमा फसेका आल्दी ४९ दिनसम्म समुद्रमै अलपत्र परेका थिए। उनलाई पानामाको एक जहाजले उक्त नौकाबाट जीवितै उद्धार गरेको थियो।



### आक्रमण

दक्षिण पूर्वी इरानी शहर अहवाजमा शनिबार एक सैन्य परेडमा भएको गोली कान्डमा जमिनमा ढलेका सैनिकहरूको बीचबाट कुदिरहेका एक सैनिक। उक्त घटनामा २५ सैनिकको मृत्यु भएको थियो।



विश्व २ मिनेट

## बेलायत

### सामूहिक नग्न स्नान

लन्डन, (एजेन्सी)

बेलायतको नर्थबरमा शरद् ऋतुलाई स्वागत गर्न सयौंले नग्न भएर समुद्रको चिसो पानीमा डुबुल्की लगाएका छन्। नर्थ इस्ट स्किनी डिपु नामक यस कार्यक्रममा वार्षिक आयोजन हुँदै आइरहेको छ। यो च्यारिटीका लागि कोष जुटाउन आयोजना गरिन्छ। यसमा सम्भ्रान्त घरका सदस्यहरू नै नग्न भएर एकैपटक डुबुल्की लगाएका थिए। यस कार्यक्रमका आयोजक ज्याक्स हिगिंसनले ठूलो संख्यामा सहभागिता रहेको बताए। २ सयभन्दा धेरैले नांगै समुद्रमा डुबुल्की लगाएको र यसबाट एकैदिनमा ७ हजार युरो संकलन भएको उनले जानकारी दिए। बिहान डुबुल्की लगाउनुअगाडि रातभर खुला आकाशमुनि उनीहरू जम्मा भएका थिए।

## म्यान्मार

### सेना प्रमुखको प्रतिक्रिया

यांगुन, (एजेन्सी)

म्यान्मारका सेना प्रमुखले संयुक्त राष्ट्रलाई देशको सम्प्रभुतामा हस्तक्षेप गर्ने कुनै अधिकार नभएको बताएका छन्। संयुक्त राष्ट्र संघले रोहिंग्या अल्पसंख्यकविरुद्ध नरसंहारका लागि सेना प्रमुख र अन्य वरिष्ठ जनरलमाथि मुद्दा चलाउन अपिल गरेपछि सेना प्रमुखको उक्त बयान आएको हो। राष्ट्र संघले आफ्नो प्रतिवेदनमा सेनालाई राजनीतिक मामिलाबाट टाढा राख्न पनि सिफारिस गरिएको थियो। राष्ट्र संघको एक आयोगले वरिष्ठ सैन्य अधिकारीमाथि अन्तर्राष्ट्रिय आपराधिक न्यायालय (आईसीसी)मा मुद्दा चलाउन सिफारिस गरेपछि सेना प्रमुखको प्रतिक्रिया आएको हो।

## रसिया

### हतियार दिइने

मस्को, (एजेन्सी)

इजरायली हवाई हमलाको दौरान सिरियाली फौजले गल्तीवश एउटा रुसी लडाकू विमान खसालेको एकसाता बित्न नपाउँदै रसियाले सोमबार सिरियालाई नयाँ विमान भेदक क्षेप्यास्त्रहरू उपलब्ध गराउने निर्णय गरेको छ। रुसी प्रतिरक्ष मन्त्री सर्गेइ सोइगुले २ साताभित्रै सिरियालाई जमिनबाट आकाशमा मार हान्ने एस-३०० क्षेप्यास्त्र प्रणाली दिइने जानकारी दिएका छन्। गत १७ सेप्टेम्बरमा रुसी लडाकू विमान खसालिँदा १५ रुसी सैनिकको ज्यान गएको थियो। सिरिया र रसियाले उक्त घटनाका लागि इजरायललाई दोष दिएको थियो।

## अस्ट्रेलिया

### पाइलटको दोष

सिडनी, (एजेन्सी)

गत वर्ष अस्ट्रेलियाको मेलवर्नमा ५ जनाको ज्यान जाने गरी भएको एउटा हलुका विमान दुर्घटनामा पाइलट स्वयंकै गल्ती भएको सरकारी निकायले सोमबार जनाएको छ। पाइलट म्याक्स क्वार्टरमेनले ४ जना अमेरिकी यात्रुसहित उडाएको सो विमान एकैछिनपछि एउटा सपिङ सेन्टरमा ठोक्किएको थियो। यस दुर्घटनामा जमिनमा रहेका अन्य २ व्यक्ति सामान्य घाइते भएका थिए। उड्डयन सुरक्षा निकायले विमानको राडर ट्रिमलाई गलत दिशामा राखिएकाले सो दुर्घटना भएको जनाएको छ। यो समस्या विमान उडाउनुअघि नै परीक्षण गरिनुपर्दथ्यो।

# माल्दिभ्सको राष्ट्रपतीय चुनावमा विपक्षी सोलिहलाई सफलता





## अमेरिका, युरोपेली संघ र भारत खुसी

माले, (एजेन्सी)

नाटकीय ढंगले विपक्षी उम्मेदवार इब्राहिम मोहमद सोलिहले सत्तारूढ राष्ट्रपति अब्दुल्लाह यामिनलाई माल्दिभ्सको राष्ट्रपतीय निर्वाचनमा पराजित गरेका छन्। उनले यस सफलताका लागि प्रान्तीय परिणाममा १ लाख ३४ हजार ६ सय १६ मत हासिल गरेका छन्।

यामिनले भने १६ हजार १ सय ३२ मत मात्र हासिल गरेका छन्। रमणीय टापुहरू मिलेर बनेको तथा विश्वकै सबैभन्दा आकर्षक पर्यटकीय गन्तव्यमध्ये एक मानिने माल्दिभ्सका राष्ट्रपति यामिनमाथि आफ्ना विपक्षी राजनीतिक समूहलाई दमन गर्ने गरेको आरोप लाग्ने गरेको थियो।

उनले चुनावी परिमाण स्वीकार गर्दै औपचारिक रूपमा पराजय स्वीकार गरेका छन्। माल्दिभ्स प्रतिद्वन्द्वी राष्ट्र चीन र भारतको प्रमुख राजनीतिक युद्धभूमि सावित भएको छ। चुनाव जितेका सोलिह भारत समर्थित र यामिन भने चीन पक्षका रहेका छन्।

संयुक्त राज्य अमेरिका र भारतले सोलिहको चुनावी सफलताको स्वागत गरेका छन्। हिन्द महासागरमा केही वर्षयता मात्र प्रवेश गरेको चीनलाई यामिनले माल्दिभ्ससँग नजिकचाउन महत्त्वपूर्ण भूमिका खेलेका थिए। यामिनको शासनकालमा थुप्रै विपक्षी राजनीतिज्ञलाई जेल चलान गरिएको थियो।

फलस्वरूप अमेरिका र युरोपेली संघ (ईयू)ले यस निर्वाचनअघि नै यदि प्रजातान्त्रिक माहोलमा सुधार नआएको खण्डमा माल्दिभ्समाथि नाकाबन्दी लगाउने चेतावनी दिएका थिए। आइतबार सम्पन्न यस चुनावको नतिजा घोषण हुनेबित्तिकै खुसीयाली मनाउन सडकमा ओर्लेका सोलिहका समर्थकले नाराबाजी गरेका थिए।

इवुको उपनामले बढी चिनिने सोलिहले राजधानी मालेमा माल्दिभ्सका जनताले परिवर्तन, शान्ति र न्याय चाहेको पत्रकारहरूलाई बताएका छन्। सोमबार सरकारी टेलिभिजनमार्फत राष्ट्रको नाममा सम्बोधन गर्दै यामिनले आफूले सोलिहलाई बधाई एवं शुभकामना दिइसकको बताएका छन्।

अर्को ५ वर्षीय कार्यकालका लागि यामिनले चुनाव जित्ने व्यापक आशा गरिएको थियो। केही निर्वाचन पर्यवेक्षकले ८९ प्रतिशत मत खसेको यस चुनावमा यामिनको पक्षमा निकै धाँधली भएको समेत दाबी गरेका छन्। तर माल्दिभ्सको विदेश मन्त्रालयले भने मतदान र मत गणना प्रक्रियाको दौरान कुनै अनियमितता नदेखिएको स्पष्ट पारेको छ।

सोलिहले एमडीपी, जुमरुही पार्टी र अधालाथ पार्टी सम्मिलित संयुक्त विपक्षी गठबन्धनबाट राष्ट्रपतीय चुनावका लागि उम्मेदवारी दिएका थिए। उनी सन् २०११ देखि एमडीपीका तर्फबाट संसदीय नेता रहँदै आएका हुन्।

सन् २०१२ मा यामिनद्वारा अपदस्थ तथा निर्वासित पूर्वराष्ट्रपति मोहमद नासिदले ट्विटरमार्फत सोलिहले माल्दिभ्सका जनताका लागि अत्यन्तै राम्रो सेवा दिएको भन्दै तारिफा गरेका छन्।

भारतको विदेश मन्त्रालयले पनि सोलिहको चुनावी जितलाई प्रजातान्त्रिक मूल्य र मान्यताको जितको संज्ञा दिएको छ। केही वर्षयता यहाँ राजनीतिक अस्थिरता व्याप्त रहँदै आएको छ। गत फेब्रुअरीमा सर्वोच्च अदालतले पूर्वराष्ट्रपति मोहमद नासिदलगायत विपक्षी राजनीतिक खेमाका ९ जना नेतामाथि लगाइएको अभियोग रद्द गरेको थियो। नासिदलाई सन् २०१२ मा पदच्यूत गरिएको थियो।

तर राष्ट्रपति यामिनले त्यतिबेला संकटकाल लागू गर्दै २ जना न्यायाधीशलाई गिरफ्तार गर्ने आदेश दिएपछि अदालतले पुन: निर्णय उल्टयाएको थियो।

१ हजार १ सय ९२ वटा टापु रहेको माल्दिभ्सको अर्थतन्त्र पूर्णरूपमा पर्यटन व्यवसायमा निर्भर रहेको छ। तर बढ्दो जलवायु परिवर्तनको समस्याका कारण कुनै पनि बेला यो मुलुक सागरमा डुब्न सक्ने भएकाले यहाँका ४ लाख जनता खतरामा रहेका छन्।

### चीन–अमेरिका विवाद

# चीनद्वारा अमेरिकासँगको सैन्य अभ्यास रद्द

बेइजिङ, (एजेन्सी)

अमेरिका र चीनबीच व्यापार युद्धलाई लिएर दुई देशको सम्बन्ध तनावपूर्ण बनेको छ। ट्रम्प प्रशासनद्वारा लगाइएको पछिल्लो २ खर्ब डलरको चिनियाँ सामानमाथिको अतिरिक्त शुल्क सोमबारबाट लागू भएको छ।

एक अर्काको उत्पादनमाथि कर लगाएपछि चीनले अमेरिकी राजदूतलाई गत हप्ता बोलाएर यस विषयमा छलफल गरेका थिए। त्यहीबेला चीनले अमेरिकासँग हुने भनिएका सैन्य अभ्यास पनि रद्द गरेको छ। चीनको विदेशमन्त्रालयले जारी गरेको विज्ञप्तिमा उक्त जानकारी उल्लेख गरिएको छ।

चीनका विदेश मन्त्रालयले भनेको छ- 'चीनका नौसैनिक प्रमुख सिन जिन लाङलाई पनि अमेरिका भ्रमणबाट फिर्ता बोलाएको छ। अर्को हप्ता चीन र अमेरिकाबीच हुने भनिएको वरिष्ठ सैन्य अधिकारीबीचको वार्ता पनि हाललाई रद्द गरिएको छ।'

विज्ञप्तिमा चीनका सेनासँग बिना विस्तृत जानकारी साझा गरी भविष्यमा पनि थप कदम उठाउन सक्ने अधिकार रहेको उल्लेख गरेको छ।

सैन्य मन्त्रालयका प्रवक्ताले भने- 'रुससँग फाइटर जेट र क्षेप्यास्त्र प्रणाली खरिद गर्ने चीनको फैसला एक सामान्य फैसला हो। दुई सम्प्रभु राष्ट्रबीच हुने यस फैसलामा आपत्तीको कुनै कारण छैन। अमेरिकालाई यस फैसलालाई प्रभावित गर्ने अधिकार छैन।'

व्यापार युद्धलाई लिएर दुवै महाशक्तिबीच तनाब लगातार बढिरहेको छ। चीनले अमेरिकाको नयाँ कर नीतिलाई 'बुलिइज्म'को संज्ञा दिएको छ।

अमेरिकी विदेश मन्त्रालयले रुसका मुख्य हतियार आयातकसँग महत्त्वपूर्ण लेनदेनका कारण चिनियाँ सेनाको उपकरण विभाग र त्यसको निर्देशक ली सांग्फुमाथि तत्काल प्रतिबन्ध लगाएको थियो। अमेरिकाले यो प्रतिबन्ध रुससँग २०१७ मा १० वटा एसयू-३५ युद्धक विमान र सन् २०१८ मा एस-४०० क्षेप्यास्त्र प्रणाली खरिद गरेकोमा लगाएको हो।



# हङकङमा राजनीतिक पार्टी प्रतिबन्धित




हङकङ, (एजेन्सी)


हङकङको प्रशासनिक निकायले सोमबार लामो समयदेखि हङकङको स्वाधिनताका लागि वकालत गर्दै आएको सानो राजनीतिक पार्टीमाथि प्रतिबन्ध लगाउने घोषणा गरेको छ।

सरकारी निकायले उक्त हङकङ नेसनल पार्टी (एचकेएनपी)ले राष्ट्रिय सुरक्षामा नै आँच पुर्‍याएको जनाएको छ। तथाकथित 'एक राष्ट्र, दुई प्रणाली' सूत्रअनुसार मुख्य भूमि चीनको तुलनामा हङकङले बढी स्वायत्तता र केही निश्चित स्वतन्त्रताको आनन्द लिइरहेको छ।

चीनको दबाबका कारण ती स्वतन्त्रता छिनिँदै गएको चिन्ता बढिरहेको समयमा यस पार्टीलाई प्रतिबन्ध लगाइएको हो। संयुक्त अधिराज्यले हङकङ चीनलाई सुपुर्दगी गरेयता पहिलो पटक कुनै राजनीतिक पार्टीलाई प्रतिबन्ध लगाइएको हो।

औपनिवेशिक युगको कानुनअनुसार राष्ट्रिय सुरक्षा, सार्वजनिक कानुनको हित वा मानिसहरूको अधिकारको हित र स्वतन्त्रताको रक्षाका लागि कुनै पनि समूहलाई प्रतिबन्धित गर्न सकिन्छ।

# जापानका दुई रोवर छुद्रग्रहमा सफल अवतरण





टोक्यो, (एजेन्सी)

विज्ञानको क्षेत्रमा उल्लेखनिय उपलब्धी हासिल गर्दै जापानको अन्तरिक्ष एजेन्सी जासाले दुईवटा साना रोवरलाई पृथ्वीबाट लाखौं माइल दुरीमा रहेको एक छुद्र ग्रहमा सफलतापुर्वक अवतरण गराएको छ।

दुबै रोवर राम्रो अवस्थामा छन्। जापान एरोस्पेस एक्स्प्लोरेसन एजेन्सीले ट्विट गरेको छ। ती रोवरहरूलाई हायाबुसा २ अन्वेषक यानले लिएर गएको हो। उक्त यान गत जुनमा र्‌युगु छुद्रग्रह नजिक पुगेको थियो। त्यतिबेला देखि नै उक्त अन्तरिक्ष चट्टानको नजिक रहेका उनीहरू उक्त छुद्रग्रहका रोवर अवतरण गर्न नमुना संकलनका लागि अन्वेषण तथा सर्वेक्षण गर्ने कार्यमा सक्रिय रहेका थिए।

सन् २०१४ मा पृथ्वीबाट प्रस्थान गरेको हायाबुसा २ लाई २० करोड माइल दुरीमा रहेको लक्ष्य भेटाउन ४२ महिना लाग्यो। महत्वाकांक्षी अभियानले सप्ताहन्तमा एक महत्वपुर्ण कदम उठाए र हायाबुसा २ को मिनर्भा-२-१ले अवतरण स्थलमा रोवर-१ ए र रोवर-२ बीलाई पठाउनु अगाडी ९ सय मिटर फराकिलो छुद्रग्रहको करिब ६० मिटर भित्रसम्म पुगेको थियो।

ती दुई रोवरले उनीहरूको वरवरको क्लोजअप तस्वीर खिाच्न केही समय खर्चेका थिए। उनीहरूले उक्त चट्टान सतहको तापक्रम पनि मापन गरेका थिए। अभियानका क्रममा ती रोवरहरूले र्‌युगुको रंचनाको पनि अध्ययन हुने बताइएको छ। यसले हाम्रो सौर्य प्रणालीमा पृथ्वी र अन्य ग्रह निर्माणका नयाा रहस्यहरू वैज्ञानिकहरूले हात पार्न सक्ने बताइएको छ। ती दुई रोवर बेलनाकार र सानो आकार मात्र ७ सेमी उचाई र १८ सेमी ब्यासका छन्। मंगलग्रहमा विचलन गरिरहेका बाहन जस्तो यसमा पांग्रा प्रयोग गरेको छैन। छुद्रग्रहको न्युन गुरुत्वाकर्षणले गर्दा वरपर विचरण गर्न थप सहज हुने आशा गरिएको छ , त्यसैले वैज्ञानिकहरूले दायााबायाा विचरणका लागि प्रत्यक रोवरमा मोटरवाट चल्ने भित्री रोटर प्रयोग गरेका छन्।

आगामी केही हप्तामा मोबाइल एस्टेरोइड सर्फेस स्काउट (मस्कट) पनि उक्त छुद्र ग्रहको अन्वेषण गर्नेछ। जर्मन एरोस्पेस सेन्टर र फ्रेन्च स्पेस एजेन्सी सीएनइएसले विकास गरेको मस्कट २९ दशमलव ५ सेमी गुणा १९ दशमलव ५ सेमी रहेको छ। आगामी अक्टोबरमा उक्त अन्तरिक्ष वलयमा अवतरण गर्ने क्रममा मस्कटले अन्य कुरासागै त्यसको सतह संरचना र चुम्बकिय गुणको जााच गरिनेछ।

संसार नै प्रविधिमैत्री हुँदै गएको भन्दै मन्त्री पोखरेलले सरकारले प्राविधिक शिक्षातर्फ आकर्षण विशेष ध्यान दिएको बताए।

# निर्मला हत्याकाण्ड दुई महिनाका 'घटनाक्रम'

नेपाल समाचारपत्र

महेन्द्रनगर

निर्मला हत्यकाण्ड दुई महिना पुगे पनि वास्तविक दोषी पत्ता लगाउन नसक्दा पीडित परिवारले न्याय पाउन सकेका छैनन्। दुई महिनाको अवधिमा घटेका मुख्य मुख्य घटनाहरू

**साउन १०**
- बिहान ११ बजे गृहकार्य गर्छु भनी साथी रोशनी बमको घर गई हराएको
- निर्मलाकी आमा दुर्गादेवी पन्तद्वारा प्रहरीमा छोरी हराएको जानकारी
- प्रहरीले अबेर राती भयो आज आउन नमिल्ने भन्दै भोलि खोजौंला भन्दै टारेको

**साउन ११**
- निर्मलाको शव भीमदत्त नगरपालिकाको भवननजिकैको उखुबारीमा भेटिएको
- स्थानीयद्वारा नगरप्रमुखले गैरजिम्मेवारीपन देखाएको भन्दै भीनपा कार्यालय र बजार वरिपरि प्रदर्शन र नाराबाजी

**साउन १२**
- हत्याको विरोधमा महेन्द्रनगरमा प्रदर्शन उग्र तथा लगातार वास्तविक हत्यारालाई कानुनी दायरामा ल्याउन माग गर्दै प्रदर्शन
- प्रदर्शनका क्रममा धेरै प्रदर्शनकारी घाइते

**साउन १४**
- निर्मला पन्तको अन्त्येष्टि गर्न दबाब
- तत्कालीन प्रहरी प्रमुख विष्टले परिवारलाई शव नउठाए कर्फ्यु लगाउने चेतावनी
- सीमित मान्छे गएर निर्मला पन्तको महाकाली आर्यघाटमा अन्त्येष्टि
- अन्त्येष्टिपछि मृतक पन्तका घरपरिवारसँग स्थानीय आक्रोशित

**साउन १५ देखि भदौ २ सम्म**
- कञ्चनपुरमा सामान्य आन्दोलन भइरहँदा प्रहरीले केही व्यक्तिलाई थुनामा लिई अपराध स्वीकार्न यातना
- यसबीचमा सीआईबी र तत्कालीन जिल्ला प्रहरी प्रमुखले निलम्बित, एसपी विष्टले वास्तविक अपराधीको खोजी नगरी कृत्रिम अपराधी सिर्जना गर्न हदैसम्मको प्रयास गरेको

**भदौ ४ गते**
- पत्रकार सम्मेलन गरी मानसिक सन्तुलन नभएका ४१ वर्षीय दिलीप सिंह विष्टलाई घटनाको मुख्य अभियुक्त भन्दै सार्वजनिक

**भदौ ५ गते**
- प्रहरीले कृत्रिम अभियुक्त सार्वजनिक गरेर घटना ढाकछोपको प्रयास गर्न लागेको छनक स्थानीयले पाएपछि आन्दोलन उग्र
- न्याय माग्दै जिल्ला प्रहरी कार्यालय र जिल्ला प्रशासन कार्यालयमा धर्ना

**भदौ ६**
- नेपाल प्रहरी र प्रदर्शनकारीबीच झडप हुँदा दुई दर्जन घाइते
- प्रहरीद्वारा सयौं सेल अश्रुग्यास प्रहार

**भदौ ७**
- आन्दोलनका क्रममा २ प्रहरी र ६ आन्दोलनकारी घाइते, प्रहरीद्वारा आन्दोलनकारीमाथि गोली र अश्रुग्यासको वर्षा
- कारागार व्यवस्थापन विभागका महानिर्देशक हरिप्रसाद मैनालीको संयोजकत्वमा ५ सदस्यीय छानबिन समिति गठन
- सीडीओ कुमार खड्का र एसपी डिल्लीराज विष्टलाई विभागमा फिर्ता बोलाई उनीहरूको स्थानमा क्रमशः तीर्थ अधिकारी र कुवेर कडायत खटाइएका
- आन्दोलनका क्रममा घाइते भएका सम्पूर्णको खर्च सरकारले बेहोर्ने घोषणा

**भदौ ८**
- गृह मन्त्रालयले बनाएको छानबिन टोली महेन्द्रनगर पुगी काम शुरू
- प्रमुख जिल्ला अधिकारी तारानाथ अधिकारी कञ्चनपुरमा हाजिर
- आन्दोलनका क्रममा प्रहरीले चलाएको गोली लागी सन्नी खुनाको मृत्यु
- महेन्द्रनगर आसपासका क्षेत्रमा कर्फ्यु लगाउन शुरू
- घाइते आन्दोलनकारीलाई भेट्न गृहमन्त्री रामबहादुर थापा त्रिवि शिक्षण अस्पतालमा

**भदौ ९**
- सोधपुछका लागि निर्मलाकी साथी रोशनी बम र उनकी दिदी बबिता प्रहरीद्वारा नियन्त्रणमा
- सन्नी खुनाको अन्त्येष्टि
- निर्मला पन्त र सन्नी खुनाको परिवारलाई राहतस्वरूप १०/१० लाख दिने सरकारको घोषणा
- प्रहरीले चलाएको गोली लागेर घाइते भएका सुरेशप्रकाश चटौत र उमेश देउवालाई कोहलपुर रेफर
- न्यायका लागि काठमाडौंमा प्रदर्शन
- एसपी डिल्लीराज विष्ट निलम्बित
- डीएसपी ज्ञानबहादुर सेटी र प्रहरी उपरीक्षक एकेन्द्र खड्का प्रहरी मुख्यालयमा फिर्ता

**भदौ १०**
- बिहान १० बजेदेखि महेन्द्रनगरमा कर्फ्यु जारी

**भदौ ११**
- बेलुका ६ बजेदेखि बिहान ५ बजेसम्म फेरि कर्फ्यु जारी
- सम्पादकहरूसँगको भेटमा प्रधानमन्त्रीको अपराधी पत्ता लगाउने प्रतिबद्धता
- 'निर्मलाका निम्ति न्याय'का लागि माइतीघरमा लाइभ कार्टुन र पेन्टिङ प्रदर्शनी

**भदौ १२**
- डीएसपी कृष्णराज ओझाको नेतृत्व छानबिन समिति गठन
- महेन्द्रनगरमा पुनः राति ८ बजेदेखि भोलिपल्ट बिहान ४ बजेसम्मका लागि कर्फ्यु आदेश जारी
- दिलीपसिंह विष्टलाई स्वास्थ्य परीक्षणका लागि काठमाडौं लगिएको

**भदौ १३**
- प्रहरीले चलाएको गोली लागी घाइतेहरूको उपचारमा ध्यान दिन सरकारसँग नेपाली कांग्रेस कञ्चनपुरको आग्रह

**भदौ १५**
- निर्मलाका सहपाठीद्वारा वास्तविक हत्याराको पहिचानको माग गर्दै प्रधानमन्त्रीलाई खुलापत्र
- खानेपानी मन्त्री बिना मगरद्वारा निर्मला र आन्दोलनका शहीद सन्नीका घरपरिवारसँग भेट

**भदौ २१**
- प्रहरी महानिरीक्षक सर्वेन्द्र खनाल निर्मलाको घरमा
- अनुसन्धानमा व्यापक त्रुटि भएको मानव अधिकार आयोगको निष्कर्ष
- प्रधानमन्त्री केपी शर्मा ओलीले नेपाल टेलिभिजनसँगको अन्तर्वार्ताका क्रममा झुटा कुरा बोलेको भन्दै सर्वत्र विरोध

**भदौ २२**
- महानिरीक्षक खनालद्वारा घटनाको अनुसन्धान प्रक्रियामा प्रहरीको कमजोरी भएको स्वीकार

**भदौ २४**
- दिलीपसिंह विष्टलाई ४ दिन थुनामा राख्न म्याद थप

**भदौ २५**
- हरिप्रसाद मैनाली नेतृत्वको उच्चस्तरीय छानबिन टोलीका सदस्य वीरेन्द्रबहादुर केसीले सुरक्षा थ्रेट देखाउँदै समितिबाट राजीनामा

**भदौ २६**
- दिलीप सिंह विष्ट निर्दोष ठहरिएर छुटेका
- बम दिदी जमानतमा र बहिनी पनि साधारण तारिखमा छुटेका

**भदौ २७**
- निर्मलाका आमाबुबा न्यायका लागि काठमाडौंमा
- उच्चस्तरीय छानबिन समितिबाट राजीनामा दिएका केसी समितिमै फिर्ता
- झुटो अनुसन्धान गर्ने प्रहरी अधिकारीलाई कारबाहीको तयारी
- न्यायको माग गर्दै महेन्द्रनगरमा आमा समूह फेरि आन्दोलित, कालो साडी लगाएर कालो तीज

**भदौ २८**
- निर्मलाका आमाबुबा र अधिकारकर्मीको पत्रकार सम्मेलन
- नेपाली कांग्रेसद्वारा वास्तविक हत्यारा पक्राउको माग गर्दै संसद् बैठक अवरुद्ध
- निलम्बित एसपी डिल्लीराज विष्टसहित उनका छोरा किरण तथा भीमदत्त नगरपालिकाका नगरप्रमुख सुरेन्द्र विष्टका भतिज आयुष विष्टको डीएनए परीक्षण शुरू
- न्याय माग्दै थाली, चम्चा, मोटरसाइकल, अटो र साइकलको हर्न बजाएर महेन्द्रनगरमा प्रदर्शन

**भदौ २९**
- सदनमा सांसदद्वारा सरकारको आलोचना
- निर्मला हत्याकाण्डको अनुसन्धान अन्तिम चरणमा रहेको गृहमन्त्री थापाद्वारा सदनलाई जानकारी
- बालदिवसको आयोजनामा आयोजित कार्यक्रममा सहभागिता जनाई निर्मलाकी दिदीले गाएको गीत सामाजिक सञ्जालमा भाइरल

**भदौ ३०**
- डीएसपी ज्ञानबहादुर सेटी, अंगुर जिसी, प्रहरी निरीक्षक जगदीश भट्ट, एकेन्द्र खड्का र प्रहरी सहायक निरीक्षक रमासिंह धामी निलम्बनमा
- निर्मलाका निम्ति न्याय माग्दै देशैभर प्रदर्शन
- नेवि संघद्वारा महेन्द्रनगरमा प्रदर्शन र कञ्चनपुर बन्द

**भदौ ३१**
- डीआईजी धीरु बस्नेतको संयोजकत्वमा शक्तिशाली छानबिन समिति गठन
- निर्मलाका लागि न्याय माग्दै झलारी, धनगढीसहित बैतडीमा पनि प्रदर्शन
- झलारीमा देउडा खेल खेल्दै वास्तविक हत्यारा सार्वजनिकको माग

**असोज १**
- निर्मलाका आमाबुबाद्वारा प्रधानमन्त्रीसँग भेट
- हत्याराले कुनै पनि हालतमा उन्मुक्ति नपाउने प्रधानमन्त्रीको आश्वासन

**असोज २**
- पीडित तथा स्थानीयसँग समन्वय गरी अनुसन्धान प्रभावकारी बनाउनका लागि प्रहरी मुख्यालयले एसपी दुर्गा सिंह (चन्द)लाई महेन्द्रनगर खटायो
- निर्मलाका आमाबुवा काठमाडाँबाट कञ्चनपुर फिर्ता
- नेपाली कांग्रेस कञ्चनपुरद्वारा निर्मलाको हत्यारालाई छिटो कानुनी कारबाहीको दायरामा ल्याउनुपर्ने मागका साथ प्रधानमन्त्रीलाई ज्ञापनपत्र
- निर्मलाको न्यायका लागि कांग्रेसद्वारा महेन्द्रनगरमा पार्टीको झन्डासहित विशाल ¥याली
- कांग्रेसले निकालेको विशाल ¥यालीमा निर्मलाका बाआमा पनि सहभागी

**असोज ३**
- संविधान दिवसका अवसरमा देशभर विभिन्न कार्यक्रम गरिएको तर कञ्चनपुरमा भने निर्मलाको न्यायका लागि विभिन्न छलफल, सडक नाटक गरिए

**असोज ७**
- नेपाल महिला संघद्वारा कञ्चनपुरलगायत ७७ वटै जिल्लामा प्रदर्शन तथा प्रधानमन्त्रीलाई ज्ञापनपत्र।

# दुई सरकारको चेपुवामा सवारी चालक अनुमतिपत्र

कृष्णउदास खनाल, वीरगन्ज

प्रदेश नं २ मा सवारीचालक अनुमतिपत्र वितरणका लागि प्रदेश सरकारको मन्त्रालयले दिएको आदेशलाई यातायात व्यवस्था कार्यालयले नमानेपछि सवारी चालक अनुमतिपत्र वितरण कार्य रोकिएको छ।

दुई नम्बर प्रदेशको सरकारको भौतिक पूर्वाधार विकास मन्त्रालयका सचिव जीवछ मण्डलले भदौ ११ गते नै नारायणी (वीरगन्ज, जनकपुर) र सगरमाथा (लहान) कार्यालयलाई सवारीचालक अनुमतिपत्र वितरणका लागि लिखितपत्र दिएको भए पनि वितरण नभएको भन्दै कारबाही गर्ने बताएका थिए तर यो कार्यान्यवन भएको छैन। उनले सम्बन्धित कार्यालयका प्रमुखहरूलाई बोलाएर छलफल गरिएको र त्यसपछि भदौ ११ गते लिखितपत्रद्वारा सवारीचालक अनुमतिपत्र वितरण गर्न निर्देशन दिएको बताए।

मन्त्रालयस्तरीय निर्देशनको अवज्ञा भएको भन्दै सचिव मण्डलले असोज ४ गते पुनः सचेतपत्र पठाइएको र आगामी दिनमा पनि सवारीचालक अनुमतिपत्र वितरण नगर्ने कार्यालयलाई कारबाही गर्ने दाबी गरे। यातायात व्यवस्था विभागले असार महिनामा सवारीचालक अनुमतिपत्र वितरणमा रोक लगाएको थियो।

त्यसपछि साउन १३ गतेदेखि सबै प्रदेशमा सवारीचालक अनुमतिपत्र वितरण गर्न निर्देशन जारी गरेको थियो तर विभागको निर्देशन प्रदेश सरकारअन्तर्गतका यातायात कार्यालयले मान्न बाध्य नहुने भन्दै प्रदेश नं २ सरकारले विभागीय निर्देशन मुख्यमन्त्रीको कार्यालयमा आउनुपर्ने र मुख्यमन्त्रीले आफ्नो विभागलाई सोबारे जानकारी गराउनुपर्ने भन्दै प्रदेश नं २ मा सवारीचालक अनुमतिपत्र वितरण प्रक्रियामा रोक लगाएको थियो। त्यसपछिका दिनमा सवारीचालक अनुमतिपत्र खुला गर्न प्रदेश सरकारको निर्देशनलाई अहिले यातायात व्यवस्था कार्यालयले टेरपुच्छर लगाएको छैन। सवारीचालक अनुमतिपत्र वितरण नहुँदा प्रदेश सरकारलाई दैनिक २८ लाख रुपियाँ राजस्व घाटा भइरहेको छ। तर, यातायात कार्यालयका कर्मचारीहरूले भने केन्द्रीय सरकारले निर्देशन नदिएका कारण चालक अनुमतिपत्र वितरण नगरिएको बताउने गरेका छन्।

## '७ महिनापछि प्रदेश सरकारलाई कार्यकारी हैसियत'

विराटनगर, (नेस)

प्रदेश नं १ का मुख्यमन्त्री शेरधन राईले सरकार गठन भएको सात महिनापछि बल्ल प्रदेश सरकारले कार्यकारी हैसियत पाएको बताएका छन्। उनले प्रदेश सरकारको मातहतका प्रशासनिक कार्यालय स्थापना नभएका कारण यसअघि प्रदेश सरकार कार्यकारी हैसियतबाट काम गर्न वञ्चित हुँदै आएको बताए।

मुख्यमन्त्री राईले प्रदेश सरकारको पहिलो प्रशासनिक कार्यालयका रूपमा अस्थायी राजधानी विराटनगरमा स्थापना गरिएको कृषि विकास निर्देशनालयको सोमबार उद्घाटन गर्दै यस्तो बताएका हुन्। मुख्यमन्त्रीले प्रदेश सरकारको मुख्यमन्त्रीको हैसियतमा गुन्द्रीमा बसेर काम थालेको बताउँदै पहिलो प्रशासनिक कार्यालयका रूपमा यो कार्यालयको स्थापनसँगै अब प्रदेश सरकारले कार्यकारी हैसियत पाएको बताए।

उनले प्रदेश सरकारको मातहतका दुई कार्यालय स्वास्थ्य निर्देशनालय र शिक्षा निर्देशनालय पनि आगामी ११ असोजमा धनकुटामा स्थापना गरिने जानकारी दिए। प्रदेश सरकारको नीति तथा कार्यक्रम र त्यससँग छुट्याइएको बजेट अब यी कार्यालयबाट कार्यान्वयमा आउने मुख्यमन्त्री राईको भनाइ छ। मुख्यमन्त्री राईले प्रदेश नं १ अन्न भण्डारको प्रदेश भएकाले पहिलो प्राथमिकतामा कृषिलाई राखेर पहिलो प्रशासनिक कार्यालयको रूपमा कृषि विकास निर्देशनालयको स्थापना गरेको जानकारी दिए।

निर्देशनालयको स्थापना

सरकार गठन भएको ७ महिनापछि प्रदेश नं १ को अस्थायी राजधानी विराटनगरमा कृषि विकास निर्देशनालयको स्थापना गरिएको छ। साविकको जिल्ला कृषि कार्यालय रहेको भवनमा प्रदेश सरकारको पहिलो औपचारिक प्रशासनिक कार्यालयका रूपमा कृषि विकास निर्देशनालय स्थापना गरिएको हो।

प्रदेश नं १ को सरकार ३ फागुनमा गठन भएको थियो। यसअघि मन्त्रालयबाहेकका अन्य काम गर्ने प्रशासनिक कार्यालय रहेका थिएनन्। यो कार्यालयको स्थापनासँगै प्रदेश सरकारको सम्बन्धित मन्त्रालयले प्रशासनिक काम गर्ने बाटोसमेत खुलेको छ। कृषि विकास निर्देशनालयकमा बेनुप्रसाद प्रसाईं कार्यालय प्रमुखका रूपमा कार्यरत छन्। कार्यालयका लागि कुल ३८ जना कर्मचारीको दरबन्दी रहे पनि धेरै कर्मचारी भने हाजिर हुन बाँकी नै रहेका छन्।

## 'सरकारको ध्यान प्राविधिक शिक्षातर्फ'

काठमाडौं, (नेस)

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री गिरिराजमणि पोखरेलले सरकारले प्राविधिक शिक्षलाई विशेष महत्त्व दिएको बताएका छन्। सोमबार राजधानीमा आयोजित खामतेल विकास मञ्च नामक संस्थाको दोस्रो अधिवेशन तथा साधारणसभा कार्यक्रमलाई सम्बोधन गर्दै मन्त्री पोखरेलले यस्तो बताएका हुन्।

संसार नै प्रविधिमैत्री हुँदै गएको भन्दै मन्त्री पोखरेलले सरकारले प्राविधिक शिक्षातर्फ आकर्षण विशेष ध्यान दिएको बताए। मुलुकका धेरै ठाउँहरूमा प्राविधिक शिक्षलयहरू स्थापना भइरहेको जानकारी दिँदै उनले प्राविधिक शिक्षासम्बन्धी काम गर्न खाम्तेल विकास मञ्चलाई आग्रहसमेत गरे।

यसैबीच मञ्चले प्रदेश नम्बर एकका मुख्य न्यायाधिवक्ता चूडामणि आचार्यसहित ४ जनालाई मञ्चले सम्मान गरेको छ। मञ्चले मुख्य न्यायाधिवक्ता आचार्य, प्रदेश नम्बर एककै प्रदेशसभा सदस्य एकराज कार्की, नेपाल राष्ट्र बैंकका डा. भागवत आचार्य र खेलाडी दिनेश सुनालाई सम्मान गरेको हो।

मुख्य न्यायाधिवक्ता आचार्य र प्रदेश सभा सांसद कार्कीलाई खाम्तेलमा जन्मेर मुलुककै उच्च ओहदामा पुगेको भन्दै सम्मान गरिएको हो भने डा. आचार्यलाई खाम्तेलकै पहिलो विद्यावारिधि गर्ने व्यक्ति भएका कारण मञ्चले सम्मान गरेको हो।

डा. आचार्यले नेपाली विषयमा विद्यावारिधि उपाधि हासिल गरेका छन्। यसैगरी खेलाडी सुनारले खेलकै माध्यमबाट गिनिज बुक अफ वर्ल्ड रेकर्डमा नाम लेखाएका कारण सम्मान गरिएको हो।

## लामाको पुस्तक 'मन्थन' सार्वजनिक

काठमाडौं, (नेस)

राजनीतिज्ञ तथा समाजसेवी नेपालजित लामाद्वारा लिखित 'मन्थन' पुस्तक लोकार्पण भएको छ। पुस्तकले राजनीतिक र सामाजिक अभियान, जीवन संघर्ष र सफलताका विविध पक्षलाई समेटेको छ।

सांसदहरू कृष्ण राई, रामेश्वर फुयाल, साहित्यकार तथा पूर्वसांसद नारायण ढकाल, प्रदेश ३ का सांसद छिरिङ दोर्जे लामा, पूर्वराजदूत डा. गणेश योञ्जनलगायतले सो पुस्तक विमोचन गर्नुभयो। कार्यक्रमका प्रमुख अतिथि नारायण ढकालले संसारमा राजा-महाराजाको मात्र इतिहास लेखिने गरेकोमा राजनीति र समाजसेवामा क्रियाशील लामाको पुस्तक तयार हुनु खुसीको विषय भएको बताउनुभयो।

सो पुस्तकबारे समीक्षा गर्दै पूर्वराजदूत योञ्जनले पुस्तकले लामाको सर्म्पूण व्यक्तित्व नसमेटे पनि उहाँको व्यक्तित्व बुझाउने प्रयास गरेको धारणा राख्नुभयो। त्यसै गरी सांसद फुयालले लामाको साहस किंवदन्ती जस्तो लाग्ने उल्लेख गर्दै उहाँ राजनीतिबाट टाढा नहुने बताउनुभयो। लामाको आत्मवृत्तान्तमा आधारित मन्थन घोस्ट राइटिङ नेपालले बजारमा ल्याएको हो। कार्यक्रमका अर्का वक्ता सांसद कृष्ण राईले लामाको पुस्तक पूर्वी काठमाडौं क्षेत्रकै लागि ऊर्जा भएको बताउँदै भन्नुभयो- 'नेपालजित लामाका धेरै कार्य स्तुत्य छन्, उहाँ राजनीतिमा सक्रिय हुनुभएको भए, म उहाँको भाषण सुनिरहेको हुनेथिएँ।'

त्यसै गरी घोस्टराइटिङ नेपालका अध्यक्ष कमल ढकालले आफ्नो प्रकाशनले समाजका फरक क्षेत्र र व्यक्ति समेट्दै पुस्तक तयार गर्दै आएको जानकारी गराउँदै लामाको पुस्तकमा फरक प्रेरणा रहेको बताउनुभयो।

### ८ तहको...

सभापति शेरबहादुर देउवाको प्रमुख आतिथ्यमा भएको छलफलमा विधान मस्यौदा समितिबाट दिलेन्द्रप्रसाद बडु, सीता गुरुङ र सचिव प्रेम केसीले सुझाव संकलन गरिरहेका छन्। प्रदेश ३ का लागि असोज ११ र १२ गते काभ्रेको धुलिखेलमा पनि भेला गरेर सुझाव संकलन गरिँदै छ।

धुलिखेलमा काभ्रे, भक्तपुर, दोलखा, रामेछाप, सिन्धुली र सिन्धुपाल्चोकका जिल्ला सभापति, महासमिति सदस्य, क्षेत्रीय सभापति, महाधिवेशन प्रतिनिधि, प्रतिनिधिसभा सदस्य, प्रदेशसभा सदस्य र भ्रातृ एवं शुभेच्छुक संस्थाका प्रमुखहरू उपस्थित हुँदै छन्।

पार्टी केन्द्रीय कार्यालयमा भएको भेलामा सभापति देउवाले संविधानअनुसार पार्टीलाई बलियो बनाउने गरी विधान संशोधन प्रस्ताव तयार पार्न विधान मस्यौदा समितिलाई आग्रह गर्नुभएको थियो। संविधानसभाबाट अत्यन्त राम्रो संविधान बनाउने नेतृत्व लिएको कांग्रेसको विधान पनि राम्रो हुनुपर्ने उहाँको भनाइ थियो। साथै उहाँले मुलुकलाई सबै खालको अन्यायबाट मुक्त गराउने कामको नेतृत्व कांग्रेसले नै लिने बेला आएको भन्दै पार्टीका नेता तथा कार्यकर्ताहरू अल्मलिएर बस्न नहुने बताउनुभएको थियो।

संशोधित विधान मस्यौदामामा पदाधिकारी संख्या बढाउने, केन्द्रदेखि गाउँ टोलसम्म गरी ८ तहको पार्टी संरचना रहने, केन्द्रीय कार्यसमिति सदस्यको संख्या बढाउने, हरेक समितिको नेतृत्वमा न्यूनतम ३३ प्रतिशत महिला सहभागितालाई सुनिश्चित गर्नेलगायत छन्।

विधान मस्यौदा समितिले तयार पारेको प्रारम्भिक मस्यौदाको सातै प्रदेशमा दफावार छलफल गरी एकीकृत गरिने मस्यौदा समितिका संयोजक खड्काले बताउनुभएको छ।

प्रारम्भिक मस्यौदामाथि ७ प्रदेशको १२ स्थानबाट छलफल गरी सुझाव संकलन गरिँदै छ। मस्यौदा समितिले तयार पारेको संशोधित विधानलाई केन्द्रीय समितिले महासमिति बैठकमा लैजानुपर्छ। केन्द्रीय समितिभन्दा माथिल्लो निकायका रूपमा रहेको महासमिति बैठक मंसिर ५ देखि ९ गतेसम्म काठमाडौंमा बस्दै छ। यो बैठकको मुख्य एजेन्डा विधान संशोधन तथा परिमार्जन गर्ने रहेको छ।

### मन...

कानुन व्यवसायीसमेत रहनुभएका स्थानीय केशव दाहालले पानीको शुल्क तिर्दा पटकैपिच्छे ढलको शुल्कका नाममा थप ५० प्रतिशत रकम तिर्नुपर्ने व्यवस्थाबारे प्रश्न गर्नुभयो। वडाध्यक्षले एकपटक शुल्क तिनुपर्ने व्यवस्था भए पनि पटकपटक तिर्नुपर्ने विषयमा आफूलाई जानकारी नभएको र भएको व्यवस्थाबारे बुझ्ने बताउनुभयो।

सम्बन्धित नगरका प्रमुख, क्षेत्रका सांसदहरूको समेत उपस्थिति गराइएको भए केन्द्रीय आयोजनाको विषयमा पनि जानकारी पाइने भएकाले त्यो अवसर गुमेको भन्दै आगामी दिनमा त्यसतर्फ ध्यान दिन कार्यक्रमका आयोजकलाई वडाबासीले आग्रह गरेका थिए।

फोहोरमैलाले वडामात्र नभएर नगर नै दुर्गन्धित भएको भन्दै स्थानीयले वडाले फोहोर जिम्मा लिएर त्यसबापत पैसा दिनुपर्ने बताएका थिए।

'कहिले कसको बन्द त कहिले के के हुन्छ त्यो हामीलाई मतलब छैन तर यस्तो अवस्थामा फोहर व्यवस्थापनको अन्य विकल्प पनि खोजिनुपर्‍यो।' -स्थानीयले भने। उनीहरूले क्रियापुत्री कक्ष, जेष्ठ नागरिक भवन बनाउनका लागि पहल गर्न वडालाई आग्रह गरेका थिए।

जया मल्टिपल क्याम्पसका प्रमुख भवानीप्रसाद पौडेलले वडामा जनताका गुनासा बढ्दै गएकाले जनप्रतिनिधि र जनताबीचको दूरी छोट्याउन सार्वजनिक सुनुवाइ कार्यक्रम राखेको बताउनुभयो। स्थानीयले वडाध्यक्षलाई मात्र प्रश्न सोधेपछि वडा सदस्यहरूले भने गुनासो गरेका थिए। आफूहरूलाई बेवास्ता गरिएकोमा उनीहरूको पिरलो थियो।

यो वडामा अध्यक्ष र १ सदस्य कांग्रेसका तर्फबाट निर्वाचित भएका हुन्। नगरपालिकाका ९ वटा वडामा ६ वटामा कांग्रेस, २ वटामा तत्कालीन नेकपा एमाले र एउटा वडामा राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)का वडाध्यक्ष निर्वाचित भएका छन्।

# एन्फामाथि पूर्व उपाध्यक्षको आरोप



काठमाडौं, (नेस)

अखिल नेपाल फुटबल संघ (एन्फा)का पूर्व वरिष्ठ उपाध्यक्ष मणि कुँवरले सोमबार पत्रकार सम्मेलन गरी वैशाखमा भएको निर्वाचन गलत ढंगले गराएको आरोप लगाएको छ।

कुँवरले सो निर्वाचनमा आर्थिक अनियमितता भएको प्रमाणसहित एन्फालाई आरोप लगाएका हुन्। एन्फाका अध्यक्ष कर्मा छिरिङ शेर्पालगायतलाई निर्वाचन समितिलाई ज्यान मार्ने धम्की दिएको, मतदातालाई पैसा दिएको, मतदातालाई भारत भ्रमण गराएको उनले आरोप लगाएका हुन्। यसैगरी चुनाव सकिएलगतै मतदातालाई युरोप भ्रमणमा लगेको, पैसाको बलमा न्यायालयमा प्रभावित पारेको र निर्वाचन दौरान मतदाता तथा अन्य सहयोगीलाई हवाई टिकट बााडेको उनले प्रस्ट पारे।

दक्षिण एसियाली फुटबल महासंघ (साफ)का उपाध्यक्षसमेत रहेका कुँवरले आफूले यी सबै आरोपमा भएको प्रमाणसहित फिफा र एएफसीमा पठाइसकेको र त्यसको जवाफ कुरेको जानकारी दिए। उनले यो उजुरी सम्बन्धित निकाय युवा तथा खेलकुद मन्त्रालय, राष्ट्रिय खेलकुद परिषद्मासमेत पेस गर्ने बताए।

एन्फाको नयाँ नेतृत्वका लागि गत वैशाख २२ गते निर्वाचन भएको थियो। निर्वाचनमा कर्मा छिरिङ शेर्पा प्यानल नै मतले विजयी भएको थियो। निर्वाचन विधान विपरीत भएको भन्दै कुँवरले निर्वाचनको एक दिनअघि पत्रकार सम्मेलनको आयोजना गरेर उमेदवारी फिर्ता लिएका थिए।

# माहिका र प्रेरणा उपाधिनिकट

काठमाडौं, (नेस)

वर्सेटेनर ललितपुर जिल्ला रीष्ट्रय टेनिस प्रतियोगिताअन्तर्गत महिला सिंगल्समा माहिका राणा र प्रेरणा कोइराला उपाधिनिकट पुगेका छन्।

सातदोबाटोस्थित टेनिस कोर्टमा सोमबार भएका सेमिफाइनल खेलमा माहिकाले अभिलाषा विष्टलाई ६-२ र ६-१ ले पराजित गरिन्। अर्को सेमिफाइनल खेलमा प्रेरणा कोइरालाले मायंका राणालाई ३-६, ७-६ र ६-४ ले हराइन्। पहिलो सेट हारेर पनि जित हात पार्दै प्रेरणाले उपाधिका लागि माहिकासँग खेल्ने पक्का गरेकी हुन्।

पुरुष सिंगल्सतर्फ निक रासट्रप सहजै अन्तिम चारमा पुगे। निकले आफ्ना प्रतिद्वन्द्वी निसान श्रेष्ठलाई ६-० र ६-० सेटले ह्वाइटवास गरेका थिए। अर्को क्वार्टरफाइनल खेलमा प्रदीप खड्काले नवीन मगरलाई ६-३ र ६-२ ले पन्छाएर अन्तिम चारमा पुगे। यसैगरी जितेन्द्र परियार र सन्तोष खत्रीले पनि अन्तिम चारमा स्थान सुरक्षित गरेका छन्। जितेन्द्रले कमल भण्डारीलाई ६-० र ७-६ को सेटले हराउँदा सन्तोषका प्रतिद्वन्द्वी महेश श्रेष्ठ रिटायर्ड हर्ट भएका थिए।

त्यस्तै पुरुष र महिला डबल्सका सेमिफाइनल खेलहरू हिजै सम्पन्न भएका थिए। जसमा पुरुषमा सन्तोष खत्री र जितेन्द्र परियार तथा कमल भण्डारी र प्रणव खनालको जोडी फाइनल पुग्न सफल भएका थिए। सन्तोष र जितेन्द्रको जोडी ६-२ र ५-० को सेटको अग्रतामा हुँदा महेश श्रेष्ठ र मनोज राणाले खेल परित्याग गरे। महेशले सिंगल्स खेल पनि छाडेका थिए। अर्को खेलमा कमल र प्रणवले प्रदीप खड्का र नवीन मगरलाई ४-६, ६-३ र १०-८ ले पन्छाए।

महिलातर्फ राणा दिदी-बहिनी माहिका र मायंकाले एनी माथेमा र प्रेरणा कोइरालालाई ६-४ र ६-० ले हराएका थिए। त्यस्तै अभिलाषा विष्ट र आइरा रावतले अश्लेशा लिसानेभिच र क्याथेरिना माथेमाको जोडीलाई हराउन ३ सेट खेल्नुपरेको थियो।



प्रदीप खड्का सट प्रहार गर्दै।
तस्वीर : उज्जोल डंगोल






## धरहरा

### पालो भारतको ?



दक्षिण एसियाली मुलुक माल्दिभ्समा त्यहाँका विपक्षी दलका नेता इब्राहिम मोहम्मद सोलिह नयाँ राष्ट्रपति बन्ने खबर आएको छ।

आइतबार सम्पन्न निर्वाचनपश्चात् सोलिह त्यहाँका राष्ट्रपति बन्ने भएका हुन्, अन्तर्राष्ट्रिय सञ्चार माध्यमका अनुसार उनले ५८ दशमलव ३ प्रतिशत मत पाएका छन्।

सोहिलले राष्ट्रपति अब्दुला यामिनलाई पराजित गरे पनि त्यहाँ जित-हार भारत र चीनको भएको सुन्दा धरहरा छक्क पऱ्या छ। मत परिणाम गणना हुनुअघि त्यहाँ यामिनले पुनः सत्ता सम्हाल्ने पूर्वअनुमानलाई चिर्दै नयाँ नतिजा आएको छ। सोहिल भारतीय र यामिन चिनियाँ आशीर्वादका साथ चुनावी मैदानमा उत्रिएपछि नतिजाले कोल्टे फेरेको चर्चासमेत हुन थाल्या छ।

जे होस्, दक्षिण एसियामा श्रीलंकाबाट शुरू भएको सत्तापक्ष पछारिने चुनावी खेल नेपाल, पाकिस्तान, भुटान हुँदै माल्दिभ्स पुगेको छ। अर्थात् विपक्षीले राजनीतिक चौका मात्रै होइन, सत्ता सम्हाल्ने मौका पाएका छन्। अब कुरो यस्तै हो भने सत्ताको पासा पल्टिने पालो त भारतकै हो कि क्या हो, सन् २०१९को शुरूआतमा त्यहाँ पनि आम निर्वाचन हुँदै छ क्यार।

सो चुनावमा चीन र अन्य छिमेकी मुलुकको समर्थन भारतीय सत्तापक्ष (भाजपा)वा विपक्षी कांग्रेस आईमध्ये कुन दललाई हुन्छ कुन्नी, धरहरालाई अहिलेदेखि नै खुल्दुली लाग्न थाल्या छ।


सम्मान चलचित्रको उत्सव उत्कृष्टताको




CG Entertainment Presents Kamana Film Awards

कामना फिल्म अवार्ड्स् २०७५

मन परेको फिल्म र फिल्मकर्मीलाई SMS गर्नुहोस्, विजेता बनाउनुहोस्

CO-SPONSORS: Pashupati BISCUITS, Norvic INTERNATIONAL HOSPITAL नर्भिक इन्टरनेसनल हस्पिटल

OFFICIAL DRINK: GOLDEN OAK

OFFICIAL BANK: Prabhu Bank

RED CARPET: YETI PVC FLOORING Live with honour...

OFFICIAL VEHICLE: SUZUKI

मनपर्ने चलचित्र तथा सिनेकर्मीलाई जिताउनका लागि माथि उल्लेखित Short Keywords टाइप गरी ३७७२२ मा पठाउनुहोस् । जस्तै, सर्वोत्कृष्ट चलचित्र विधामा भोट गर्नका लागि KFA<space> र तपाईंलाई मन परेको चलचित्रको कोड नम्बर टाइप गरी ३७७२२ मा पठाउनुहोस्।

**विधाः सर्वोत्कृष्ट चलचित्र**
ब्लाइन्ड रक्स (KFA 1A)
घामपानी (KFA 1B)
कृ (KFA 1C)
लीली बीली (KFA 1D)
शत्रु गते (KFA 1E)

**विधाः सर्वोत्कृष्ट निर्देशक**
दीपाश्री निरौला – छक्का पञ्जा २ (KFA 2A)
मिलन चाम्स – लीली बीली (KFA 2B)
नवल नेपाल – मंगलम (KFA 2C)
प्रदीप भट्टराई – शत्रु गते (KFA 2D)
सुरेन्द्र पौडेल – कृ (KFA 2E)

**विधाः सर्वोत्कृष्ट अभिनेता**
दीपकराज गिरी – छक्का पञ्जा २ (KFA 3A)
दयाहाङ राई – घामपानी (KFA 3B)
सौगात मल्ल – झ्यानाकुटी (KFA 3C)
अनमोल केसी – कृ (KFA 3D)
प्रदीप खड्का – लीली बीली (KFA 3E)
पुष्प खड्का – मंगलम (KFA 3F)

**विधाः सर्वोत्कृष्ट अभिनेतृ**
बेनीषा हमाल – ब्लाइन्ड रक्स (KFA 4A)
मेनुका प्रधान – शेरबहादुर (KFA 4B)
नीता ढुंगाना – पञ्चायत (KFA 4C)
प्रियंका कार्की – शत्रु गते (KFA 4D)
सारा सिरपाली – पिंजडा ब्याक अगेन (KFA 4E)
शील्पा पोखरेल – मंगलम (KFA 4F)

**विधाः सर्वोत्कृष्ट खलपात्र**
अनुपविक्रम शाही – कृ (KFA 5A)
विपीन कार्की – नाका (KFA 5B)
प्रशान्त ताम्राकार – ऐश्वर्य (KFA 5C)
पुकार भट्टराई – पिंजडा ब्याक अगेन (KFA 5D)
रमेश रञ्जन झा – संरक्षण (KFA 5E)

**विधा : सर्वोत्कृष्ट हास्य कलाकार**
केदार घिमिरे – छक्का पञ्जा २ (KFA 6A)
जयनन्द लामा – छक्का पञ्जा २ (KFA 6B)
बुद्धी तामाङ – दुई रूपैंया (KFA 6C)
राजाराम पौडेल – म यस्तो गीत गाउँछु (KFA 6D)
शिवहरी पौडेल – शत्रु गते (KFA 6E)

**विधाः सर्वोत्कृष्ट संगीतकार**
बसन्त सापकोटा –
मलाई आँखामा/ए मेरो हजुर २ (KFA 7A)
अर्जुन पोखरेल –
तिमी रोएको पल/ऐश्वर्य (KFA 7B)
हरी लम्साल –
उड्यो मन/ब्लाइन्ड रक्स (KFA 7C)
राजनराज शिवाकोटी –
कुटुमा कुटु/दुई रूपैंया (KFA 7D)
दीपक शर्मा –
पर्ख पर्ख/मंगलम (KFA 7E)

**विधाः सर्वोत्कृष्ट पार्श्वगायक**
कालीप्रसाद बास्कोटा –
ओडौंला पिरतीको/शत्रुगते (KFA 8A)
कृष्ण काफ्ले –
पर्ख पर्ख/मंगलम (KFA 8B)
सुगम पोखरेल –
भन्छु आज/म यस्तो गीत गाउँछु (KFA 8C)
सुगम पोखरेल –
तिमी रोएको पल/ऐश्वर्य (KFA 8D)
स्वरूपराज आचार्य –
सम्झनाको सारंगी/संरक्षण (KFA 8E)

**विधाः सर्वोत्कृष्ट पार्श्वगायिका**
अञ्जु पन्त –
भन्छु आज/म यस्तो गीत गाउँछु (KFA 9A)
बानिका प्रधान –
उड्यो मन/ब्लाइन्ड रक्स (KFA 9B)
विन्दु परियार –
पर्ख पर्ख/मंगलम (KFA 9C)
मेलिना राई –
कुटुमा कुटु/दुई रूपैयाँ (KFA 9D)
मीना निरौला –
रूपै मोहनी/शत्रु गते (KFA 9E)

**विधा : सर्वोत्कृष्ट नवअभिनेता**
सलीनमान बानीया – ए मेरो हजुर २ (10A)
स्वरूपपुरूष ढकाल – छक्कापञ्जा २ (10B)
आशीरमान देशराज श्रेष्ठ जोशी – ग्याङस्टर ब्लुज (10C)
सुरज पाण्डे – लभ लभ लभ (10D)
शारूक ताम्राकार – रानी (10E)

**विधा : सर्वोत्कृष्ट नवअभिनेतृ**
अदिती बुढाथोकी – कृ (11A)
दिपीका प्रसाईं – ऐश्वर्य (11B)
जसिता गुरूङ – लीली बीली (11C)
सारा सिरपाली – रूद्र (11D)
सीपोरा गुरूङ – भुइँमान्छे (11E)

**विधा : सर्वोत्कृष्ट नवनिर्देशक**
झरना थापा – ए मेरो हजुर २ (12A)
नवराज बुढाथोकी – भुइँमान्छे (12B)
घामपानी – दिपेन्द्र लामा (12C)
पुर्णेन्दु झा – संरक्षण (12D)
आर. राजवंशी – शेरबहादुर (12E)

**विधा : सर्वोत्कृष्ट सहअभिनेता**
सलोन बस्नेत – ए मेरो हजुर २ (13A)
जितु नेपाल – छक्का पञ्जा २ (13B)
प्रमोद अग्रहरी – संरक्षण (13C)
शिवहरि पौडेल – शत्रु गते (13D)
रवीन्द्र झा – शेरबहादुर (13E)

**विधा : सर्वोत्कृष्ट सहअभिनेतृ**
अनु शाह – कान्छी (14A)
वर्षा राउत – छक्का पञ्जा २ (14B)
मिथिला शर्मा – आधा लभ (14C)
रोजिसा शाही – ग्याङस्टर ब्लुज (14D)
रूपा राना – कृ (14E)


कामना न्यूज पब्लिकेसन्स् प्रालिद्वारा प्रकाशित कार्यालयः कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं, पो.ब.नं. २०४५, फोनः ४-२६११७९, फ्याक्सः ४-२१८९९०, Email: nepalsamacharpatra@gmail.com प्रमुख कार्यकारी अधिकृत तथा प्रबन्ध सम्पादकः दिरेकलाल श्रेष्ठ, प्रधान सम्पादकः पुष्करलाल श्रेष्ठ